# पाँचपोखरी थाङ्पाल गाउँपालिका
## गाउँ कार्यपालिका कार्यालय
सिन्धुपाल्चोक जिल्ला
३ नं. प्रदेश, नेपाल

# मन्तव्य



सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको नजिक रहेको प्रतिनिधि संस्था, जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार गठन भए पश्चात यस पाँचपोखरी थाङ्पाल गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट पुस्तकको रूपमा प्रकाशन गरी प्रस्तुत गर्न पाउँदा हामीलाई गौरव महसुस भएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समावेशिता र सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नु हुने आदरणीय ज्ञात, अज्ञात शहिदहरूप्रति एवं वि.सं. २०७२ वैशाख १२ गतेको महाविनाशकारी भूकम्पबाट निधन हुनुभएका यस गाउँपालिकाका सम्पूर्ण मृतकहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

हामीले आगामी वर्षको नीति तथा कार्यक्रम तयार गरिरहँदा नेपालको संविधानमा उल्लेख भएका नागरिकका मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्तहरू, स्थानीय तहको निर्वाचनमा गरेका हाम्रा प्रतिबद्धताहरू, संघीय सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, दिगो विकास लक्ष्यले निर्धारण गरेका आधारभूत विषयहरू गाउँसभाका सदस्यज्युहरू एवं विषय विज्ञहरू, राजनीतिक दलहरू, सामाजिक संघसंस्थाहरू, नागरिक समाजका सुझावहरू महत्वका साथ ग्रहण गरी समावेश गरेका छौँ ।

प्रस्तुत बजेट नीति तथा कार्यक्रममा प्रस्ताव गरिएका पूर्वाधार निर्माण तथा आर्थिक, सामाजिक एवं सांस्कृतिक अभियानहरूको सफल सञ्चालन तथा कार्यान्वयन मार्फत पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई **"समुन्नत र समृद्ध गाउँपालिका"** बनाउने अभियानलाई सार्थक बनाउने गरी यस बजेटलाई अगाडि सारिएको छ ।

यस नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास मात्र पर्याप्त नहुने हुँदा यसको सफल कार्यान्वयनको लागि नेपाल सरकार, दातृ निकाय, यस क्षेत्रका अग्रज जनप्रतिनिधिहरू, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, आम संचार जगत, पालिकाबासी आमाबुवा, दाजुभाई, दिदीवहिनीका सामुहिक प्रयास, साथ सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।

अन्तमा, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने सहकर्मी निर्वाचित जनप्रतिनिधिहरू, पालिकामा क्रियाशील राजनैतिक दल, विषयगत समिति, राजश्व परामर्श समिति, नागरिक सचेतना केन्द्रहरू, राजनैतिक सल्लाकारहरू, संचारकर्मी मित्रहरू, सम्पूर्ण गाउँपालिकावासीहरू र गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

मिति : २०७५ साउन १०

टासी लामा
अध्यक्ष

# पाँचपोखरी थाङ्पाल गाउँपालिका
## गाउँ कार्यपालिका कार्यालय

सिन्धुपाल्चोक जिल्ला
३ नं. प्रदेश, नेपाल

# मन्तव्य



पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले संविधानको मर्म, जनअपेक्षा तथा आवश्यकतालाई प्राप्त श्रोतको अधिकतम् परिचालन गरी पूरा गर्ने प्रतिवद्धताका साथ ऐतिहासिक तेस्रो गाउँ सभाबाट पारित बजेट, नीति तथा कार्यक्रमहरू पुस्तकका रूपमा प्रकाशन गरेकोमा खुसी व्यक्त गर्दछु ।

सङ्घीय तोकलान्त्रिक गणतन्त्रको संस्थागत विकास र कार्यान्वयनको पहिलो पाइला भनेकै स्थानीय तहको निर्वाचन र कार्यान्वयन भएको हुँदा स्थानीय सरकार जनताले छाम्ने देख्ने अर्थात अनुभूति गर्ने सरकार हो ।

तसर्थ, स्थानीय सरकारका कामकार्वाहीहरू जनअपेक्षा र आवश्यकताहरूलाई सन्तुलित सम्बोधन गर्दै जानुपर्ने हुन्छ । गाउँसभाबाट पारित उल्लेखित बजेट नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण गाउँपालिकावासी दाजुभाई तथा दिदिवहिनीहरूको साथ सहयोग र सहभागिता प्राप्त हुने अपेक्षा लिएको छु । धन्यवाद ।

मिति : २०७५ साउन १०

सुनिता अधिकारी
उपाध्यक्ष

# पाँचपोखरी थाङ्पाल गाउँपालिका
## गाउँ कार्यपालिका कार्यालय
सिन्धुपाल्चोक जिल्ला
३ नं. प्रदेश, नेपाल

# मन्तव्य



जननिर्वाचित प्रतिनिधिहरू मार्फत संविधानमा निर्दिष्ट गरेको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तय गरेको मितिभित्र गाउँपालिकाको तेस्रो ऐतिहासिक गाउँसभाबाट स्वीकृत गरेको वार्षिक बजेट, नीति तथा कार्यक्रममा गाउँपालिकाका जनताको आवश्यकता र चाहना अनुरूप शिक्षा, स्वास्थ्य, सडक, कृषि, पशु तथा क्षमता विकासका कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइएको छ ।

२०७२ सालको महाविनाशकारी भूकम्पबाट पुगेको क्षति, गाउँपालिकाबाट बसाइसराइलाई रोक्ने, स्थानीय रोजगारीको अवसरको सिर्जना गर्ने, पालिकालाई आर्थिक समृद्धि बनाउनु चुनौतिपूर्ण कार्य भए तापनि यस आ.व. २०७५/०७६ को बजेट यस दिशामा थप कोशेढुङ्गा सावित हुने कुरामा द्विविधा छैन । समृद्ध गाउँपालिका बनाउने हाम्रो अभियानमा कृषि, सडक, स्वास्थ्य, शिक्षा लगायतको क्षेत्रमा यस आ.व.मा उल्लेखनीय बजेट विनियोजन गरिएको हुँदा उक्त नारालाई साकार बनाउन सहज हुनेछ ।

यस गाउँपालिकाभित्र क्रियाशील गैरसरकारी संघ, संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम पालिकासँग समन्वयात्मक ढंगले पालिकाको नीति तथा कार्यक्रमसँग सामञ्जस्यता गरी कार्यक्रम गर्नु पर्ने देखिन्छ । यस बजेट, नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नु हुने सम्पूर्ण जनताको आँखाको नानी हुनुभएका जनप्रतिनिधिहरू, मेरा सम्पूर्ण कर्मचारी मित्रहरूलाई म धन्यवाद दिन चाहन्छु । यस बजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको शुभकामना दिँदै यसबाट परिमाणात्मक र गुणात्मक प्रतिफल प्राप्त हुने कुरामा विश्वास समेत व्यक्त गर्दछु ।

मिति : २०७५ साउन १५

तेजिन्द्र गौतम

प्रमुख प्रशासकीय अधिकृत

# विषयक्रम


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | पाँचपोखरी थाङ्पाल गाउँपालिकाको संक्षिप्त परिचय | १ |
| २. | तेस्रो गाउँसभाको उपस्थिति | २ |
| ३. | आ.व. २०७५/०७६ को पारित वार्षिक नीति तथा कार्यक्रम | ७ |
| ४. | पाँचपोखरी थाङ्पाल गाँउपालिकाको विनियोजन ऐन | १६ |
| ५. | स्थानीय तहको आर्थिक ऐन | १७ |
| ६. | गाउँपालिकाले लगाउने  करका क्षेत्र र दरहरू | १८ |
| ७. | आ.व. २०७५/०७६ को पारित वार्षिक कार्यक्रम तथा बजेट | ३१ |
| ८. | पाँचपोखरी थाङ्पाल गाउँपालिकाको तेस्रो गाउँसभाबाट गरिएका निर्णयहरू | ४१ |
| ९. | सशर्त अनुदान तर्फको विवरण | ४८ |

# पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको संक्षिप्त परिचय

प्रदेश : ३

जिल्ला : सिन्धुपाल्चोक

प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २

प्रदेश सभा निर्वाचन क्षेत्र नं. २

क्षेत्रफल : ४३६ वर्ग कि.मि.

वडा संख्या : ८

उचाइ : समुन्द्र सतहदेखि १५०० मिटर देखि ६००० मिटरसम्म

सिमाना : पूर्व - जुगल गाउँपालिका
पश्चिम - हेलम्बु गाउँपालिका
उत्तर - रसुवा जिल्ला
दक्षिण - मेलम्ची नगरपालिका र इन्द्रावती गाउँपालिका

कूल जनसंख्या : १०६९३ (पुरूष), १०२९३ (महिला) जम्मा २०,९८६ (२०६८ को जनगणना अनुसार)

कूल जनसंख्या : ३४६९७ (गाउँपालिकाबाट २०७४ मा गरिएको सङ्कलित तथ्याङ्कअनुसार)

घरधुरी संख्या : ७८०३ (गाउँपालिकाबाट २०७४ मा गरिएको सङ्कलित तथ्याङ्कअनुसार)

जलवायु : हिमाली र उष्ण प्रदेशीय

तापक्रम : ० देखि २२ डिग्री सेल्सियससम्म

पोखरी कुण्ड : पाँचपोखरी, रैथानेश्वरी, दुधपोखरी, भुत्तेपोखरी, रक्सेपोखरी

मुख्य नदी : इन्द्रावती

प्रमुख अन्नबाली : धान, मकै, कोदो, गहुँ, जौ, करू, आलु, मुला

प्रमुख फलफूल : किवी, स्याउ, सुन्तला, नासपाती, भोगटे, निबुवा

शाखा नदीहरू : लार्के, याङ्री, हाँडीखोला, महादेवखोला, तिपेनी, छहरेखोला

मुख्य सडकहरू : पाँचपोखरी पर्यटन मार्ग (मेलम्ची-भोताङ),
आमायाङ्री पर्यटन मार्ग (मेलम्ची-दुवाचौर-बाँसखर्क-बरूवा)

प्रमुख पर्यटकीय स्थल : पाँचपोखरी, आमा याङ्री, नौलिङ्गेश्वरी, रैथानेश्वरी, ड्रयागन गुफा, हवेली, ड्डुक्खाङ गुफा, नागीथामडाँडा, च्योच्यो डाँडा, मेन्जुम, ज्योमोथान डाँडा, गुरू रेम्पोर्छे स्थल

मुख्य जडिबुटी : यार्सागुम्बा, पाँचऔंले, जटामसी, चिराइतो, धर्सिङ्गे, सिस्नो, टिम्मुर, अलौ, तितेपाती

मुख्य जातजाति : तामाङ, ब्राह्मण, क्षेत्री, शेर्पा, गुरूङ, दनुवार, ह्योल्मो, भुजेल, दशनामी, नेवार, मगर, दलित

मुख्य धर्म : बुद्धिष्ट, हिन्दु, क्रिश्चियन

माध्यमिक विद्यालय : १० वटा

आधारभूत विद्यालय : २४ वटा

वडा स्तरीय स्वास्थ्य केन्द्र : ८ वटा

गुम्बा : ३९ वटा

पालिका स्तरीय अस्पताल : धुलिखेल मानेखर्क स्वास्थ्य केन्द्र

मुख्य जनावर : रेडपाण्डा, बाघ, भालु, याक, चौंरीगाई, भेडा

मुख्य चराचुरूङ्गी : डाँफे, कालिज, भ्याकुर

राष्ट्रिय निकुञ्ज : लाङटाङ राष्ट्रिय निकुञ्ज

## पाँचपोखरी थाङ्गपाल गाउँपालिका, सिन्धुपाल्चोकको तेस्रो गाउँसभाको उपस्थिति विवरण
(१० आषाढ २०७५)

आज मिति २०७५ साल असार महिनाको १० गते प्रारम्भ भएको यस पाँचपोखरी थाङ्पाल गाउँपालिकाको तेस्रो गाउँसभा यस गा०पा०का अध्यक्ष एवं सभाका सभाअध्यक्ष श्री टासी लामाज्यू को सभा अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरु साहितको उपस्थितीमा सभा बसी यस गा०पा०को आगामी आ०व० ०७५/०७६ को निति तथा कार्यक्रम र बजेट माथी छलफल एवं पारित गर्न सभा बसियो।

उपस्थिती :–

१. अध्यक्ष श्री टासी लामा

२. उपाध्यक्ष श्री सुनिता अधिकारी सुनिता

३. कार्यपालिका सदस्य श्री टासी शेर्पा

४. ,, ,, श्री बुद्ध कुमारी वि.क.

५. वडा अध्यक्ष श्री सुर्यमान डोङ०

६. महिला सदस्य श्री कमला थापा

७. दलित ,, श्री माया वि.क. माया

८. वडा सदस्य श्री जय नारायण श्रेष्ठ

९. ,, ,, श्री बाबु दो तामाङ०

१०. वडा अध्यक्ष श्री पासाङ लामा
११. वडा सदस्य श्री रेन्जेन लामिनो
१२. ,, ,, श्री माइलो दमै
१३. ,, ,, श्री पेम्बा शेर्पा
१४. ,, ,, श्री दोर्जे नेतुप शेर्पा

१५. वडा अध्यक्ष श्री छिमा छिरिङ तामाङ
१६. महिला सदस्य श्री मिना कुमारी तामाङ
१७. दलित ,, श्री कुसा सुनार
१८. वडा ,, श्री देउ ब० तामाङ
१९. ,, ,, श्री सिंङ तामाङ

२०. वडा अध्यक्ष श्री राम ब० तामाङ
२१. ,, सदस्य श्री कुर्ण ब० तामाङ
२२. ,, ,, श्री मोहन ब० खत्री
२३. महिला ,, श्री फुलमाया तामाङ
२४. दलित ,, ,, श्री मन कुमारी वि.क.

२५. वडा अध्यक्ष श्री कुले गोले
२६. दलित सदस्य श्री मन्दिरा वि.क.
२७. वडा ,, श्री एकका तामाङ
२८. महिला सदस्य श्री बसन्ती तामाङ
२९. वडा ,, श्री पदम ब० तामाङ

३०. वडा अध्यक्ष श्री मान ब० तामाङ
३१. वडा सदस्य श्री सुर्य ब० अधिकारी
३२. ,, ,, श्री कुमार लामा
३३. ,, महिला ,, श्री सावित्री खड्का
३४. ,, दलित ,, श्री सीता विसुन्के

३५. वडा अध्यक्ष श्री साँकी तामाङ
३६. महिला सदस्य श्री गंगा घोट्छ
३७. दलित ,, ,, श्री गिता खाती
३८. वडा सदस्य श्री चन्द्र विक्रम सिलवाल
३९. ,, ,, श्री श्याम लाल घोट्छ

४०. वडा अध्यक्ष श्री विष्णु ब० खड्का
४१. वडा महिला सदस्य श्री गीता छिताल
४२. ,, दलित म० ,, श्री सुनिता परियार
४३. वडा सदस्य श्री अनिल गुरुङ
४४. ,, ,, श्री जित ब० तामाङ

आमन्त्रित :-

४५. प्रमुख सल्लाहकार श्री माधव प्रसाद पाण्डे

४६. निजि सचिव गा० पा० प्रमुख श्री विजय पौडेल

४७. प्रमुख प्रशासकीय अधिकृत श्री तेजेन्द्र गौतम
४८. शिक्षा अधिकृत श्री संजय कुमार सिंह
४९. गा०पा० स्वास्थ्य संयोजक श्री आत्माराम [illegible]
५०. गा०पा० आई०टी० अधिकृत श्री प्रकाश कार्की
५१. गा०पा० [illegible] श्री उद्धव प्रसाद चौलागाईं
५२. नायब सुब्बा श्री दिनेश कुमार पोखरेल
५३. स०ब०ई० श्री दोर्जे वाइबा
५४. नायब सुब्बा श्री खेमराज बुढाथोकी
५५. गा०पा० लेखा प्रमुख श्री कुमल ब० तामाङ
५६. नायब सुब्बा श्री राम प्रसाद न्यौपाने
५७. नायब सुब्बा श्री रमाकान्त यादव
५८. कृषि संयोजक श्री गोपाल प्रसाद सापकोटा
५९. स्वास्थ्य सह-संयोजक श्री राम प्रसाद [illegible]
६०. गा०पा० खरिदार श्री कुमार बस्नेत
६१. ,, श्री [illegible] वाइबा
६२. ,, श्री मायादेवी कुवाल
६३. ,, श्री बुद्धिलाल न्यौपाने
६४. ,, श्री रत्नमो पौडेल
६५. ,, श्री सुशीला कार्की
६६. अ०स०ई० श्री निरञ्जन सापकोटा
६७. खरिदार श्री राजन भुजेल
६८. ,, श्री नेत्र ब० तामाङ
६९. ,, श्री सरोज सिलवाल

६०. अ.स.ई. श्री असोक खत्री
६१. का.स. श्री रघु गुरुङ
६२. का.स. श्री भोला श्रेष्ठ भोला श्रेष्ठ
६३. का.स. श्री बोधव तामाङ
६४. का.स. श्री पासाङ लामा
६५. स.प. श्री गोमा पाण्डेत
६५. रेडियो मेलम्ची पत्रकार श्री देवराज चतुर्वेदी
६६. प्र.स.नि. श्री सुरेन्द्र कुमार सिंह
६७. प्र.ह. श्री महेन्द्र राय यादव
६८ प्र.ज. श्री संजय प्रसाद यादव
६९, " श्री राम विश्वेश्वर प्रसाद यादव
७०, " श्री हिरेन्द्र कुमार पौडेल
७१. प्र.ह. श्री दिपेन्द्र कुमार सिंह
७२. प्र.ज. श्री रामकुमार श्रेष्ठ
७३ पाँचपोखरी थाङपाल गा.पा. पुन निर्माण समन्वय शाखा प्रमुख ई. विजय स्वाँती
७४. अ.स.ई. श्री सुवास लामा
७५ का.स. श्री रामनाथ आचार्य
७६. ना.प.स्वा.प्रा. (पशु सेवा संयोजक) अर्जुन प्र. दुवे
७७. स.क.अ. राजन भुजेल
७८ स.प. पा.गा.पा. वडा नं ४ गोमा पाण्डेत
(७९) वडा सहायक ५ वडा नं ८ सुशीला कार्की

# पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको तेस्रो गाउँसभा (१० आषाढ २०७५) मा अध्यक्ष टासी लामाद्वारा प्रस्तुत एवं पारित आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम

सभाका अध्यक्षज्यू, तथा माननीय सदस्यज्यूहरु,

सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको नजिक रहेको प्रतिनिधि संस्था वा स्थानीय सरकार गठन भए पश्चात यस पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको नीति कार्यक्रम सम्मानीत गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूती गरेको छु । आज मिति २०७५ आषाढ १० का दिन यस ऐतिहासिक अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समावेशिता र सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नु हुने आदरणीय ज्ञात, अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । न्याय, समानता, स्वाधीनता र समृद्धि प्राप्तीका आन्दोलनहरुमा योगदान गर्नु हुने सम्पुर्ण नेपाली दिदी बहिनी तथा दाजु भाईहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । हामीले आगामी वर्षको नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधानमा उल्लेख भएका नागरिकका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, स्थानीय तहको निर्वाचनमा गरेका प्रतिबद्धताहरु, संघीय सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, दिगो विकास लक्ष्यले निर्धारण गरेका आधारभूत विषयहरु गाउँसभाका सदस्यज्युहरु एवं विषय विज्ञहरु, राजनीतिक दलहरु, सामाजिक संघसंस्थाहरु, नागरिक समाजका सुझावहरु महत्वका साथ ग्रहण गरेको छौं । तथा विभिन्न वडा तथा अन्य कार्यक्रमहरु मार्फत आएका सुझाबहरुलाई नीति तथा कार्यक्रम तर्जुमाको मुख्य आधार बनाएका छौं ।

माननीय सदस्यज्यूहरु,

आगामी पाँच वर्षभित्र पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई नमूना तथा समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न, आगामी आर्थिक वर्षका लागि विकास प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशानिर्देश गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसकै नीतिगत मार्गदर्शनमा आगामी आ.व. को बजेट तर्जुमा गरी बजेट विनियोजन गरिएको छ । जस अनुसार गाउँपालिकाले काम गर्नुपर्ने विभिन्न विषयगत क्षेत्रहरुमा निम्नानुसार नीति लिइनेछ ।

आ.व. २०७५/७६ को लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु :

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| कृषि तथा पशु विकास | • गाउँपालिका भित्र रहेको खाली सार्वजनिक जमिनलाई उपयोग गरि जमिनको प्रकृति अनुरुपका उत्पादन गर्न ब्यत्ति वा समूहलाई निश्चित अवधिका लागी भाडामा जमिन उपलब्ध गराइनेछ । साथै अन्य कृषि खेतीमा विशेष अनुदान कार्यक्रमका साथ संभाव्यता अध्ययन गरि पकेट क्षेत्र घोषण (आलु, मुला, किवी, चिया र अन्य) गरिने छ ।<br>• व्यवसायिक नगदेवालीलाई प्रबर्द्धन गर्न गाउँपालिका भित्रका वडाहरुमा उचाई र जमिनको प्रकृति अनुरुप गाउँपालिकाको विशेष पहिचानका लागि किवी, चिया, आलु र मूला *उत्पादन कार्यक्रम* प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>• हरेक वडामा १/१ जना कृषि प्राविधिक हरु बाह्रै महिना परिचालन गरिने छ । आवश्यकता अनुरुप पशु चिकित्सकको व्यवस्था समेत गरिनेछ ।<br>• ठूलो परिमाणमा कृषि तथा पशुपालन सम्वन्धी ब्यवसायीक फर्म स्थापना गर्न चाहने ब्यक्तिहरुलाई जमीनको ब्यवस्था तथा यन्त्र उपकरण प्राप्तिमा सहजीकरण गरिने छ ।<br>• आगामी ५ वर्षभित्र कुनै पनि व्यक्तिले जमिन खाली राख्न नपाउने व्यवस्था गरिने छ ।<br>• हरेक वडामा ५ वर्ष भित्र कृषि उपज संकलन तथा शीत भण्डारण स्थलको स्थापना गरिनेछ ।<br>• खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न धान, मकै, गहुँ, र आलु उत्पादक किसानहरुलाई उत्पादन बृद्धि परिमाणको आधारमा प्रोत्साहन मूल्य सहायता प्रदान गरिने छ ।<br>• तरकारी, मसलाबाली, फलफूल, जडिबुटि तथा पोसिलो घाँसको विऊ एवं विरुवा सुलभ मूल्यमा वितरण गरिनेछ ।<br>• ब्यवसायिक कृषकका लागि सहुलियत दरको ऋण ब्यवस्था गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।<br>• कृषिको लागत मुल्य घटाइ कृषकलाई ब्यवसायीकता तर्फ आकर्षित गरिनेछ ।<br>• खाली जमिनको उपयोग गरि कृषकको आम्दानीमा वृद्धि गर्न *सिम-खोल्सामा अलैचि : कान्ला-पाखामा अम्रिसो* कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• गाउँपालिका क्षेत्र भित्र आधुनिक कृषि अनुसन्धान तथा तालिम केन्द्रको स्थापनाका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।<br>• प्राङ्गारिक मल कारखाना स्थापना गर्ने योजना बनाइनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | • बाँसखर्क, लागर्चे, भोताङ, भोटेनाम्लाङको माथिल्लो भूभागलाई चिया बगानको रुपमा विकास गरिनेछ । कृषि र पशु जन्य स्वरोजगार स्थापनार्थ प्रोत्साहन गरिने छ ।<br>• लागर्चेको ओखेनीलाई किवीको पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ ।<br>• गाउँपालिकाभित्र अर्गानिक तरकारी खेतीको विशेष कार्यक्रम अगाडि बढाइनेछ र रासायनिक मल तथा कीटनाशक रासायनिक औषधिमा निर्भरता क्रमशः कम गर्दै आगामी १० वर्ष भित्र पूर्ण रुपले प्रांगारिक र जैविक प्रविधिको लागी तयारी गरिने छ ।<br>• गाउँपालिका स्तरमा उन्नत स्तरको पशु बधशालाको स्थापनालागि प्रोत्साहन गरिनेछ ।<br>• अव्यवस्थित वस्तु चरनलाई दण्डनीय कार्यक्रमको रुपमा ल्याई व्यवस्थित गरिनेछ ।<br>• भेडा, बाखा,गाई,भैसीँ, चौँरी पालनलाई विशेष जोड दिइनेछ । जसको निमित्त अनुदान कार्यक्रमलाई समेत संलग्न गराइनेछ ।<br>• व्यवसायिक खेती र व्यवसायी पशुपालनलाई प्रोत्साहन गरिनेछ ।<br>• आगामी ५ वर्षभित्र पशुविमा र कृषि विमा कार्यक्रमलाई जोड दिइनेछ ।<br>• फलफूल तथा तरकारी पकेट क्षेत्रको घोषणा गरिने छ ।<br>• अनुदानमा कृषि औजारको व्यवस्था गरिने छ ।<br>• आर्गानिक पकेट क्षेत्रको घोषणा गरिने छ ।<br>• सुनचौर आदि ठाउँमा ट्राउट उत्पादन संभाव्यता अध्ययन गरीनेछ ।<br>• सबै वडामा साप्ताहिक ह्राट बजारको व्यवस्थापन गरिनेछ । |
| स्वास्थ्य | • गाउँपालिका स्तरको १५ शैय्याको अस्पताल स्थापनाका लागि उपर्यूक्त स्थानको खोजी गरि पूर्वाधार निर्माणका लागि नेपाल सरकार समक्ष पहल गरिनेछ ।<br>• यसै आ.व.बाट गा.पा.मा स्वास्थ्यको महामारी कोषको व्यवस्थाको सुरुवात गरिनेछ ।<br>• बृद्धबृद्धालाई बृद्धभत्ता वितरणको दिनमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।<br>• महिला स्वयंसेविकाहरुका लागि प्रोत्साहन भत्ता सहित स्वयंसेविका दिवसका दिन पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• आगामी ५ वर्षभित्र स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• जुम्ल्याहा बच्चा जन्माउने आमालाई पोषण व्यवस्थापनका लागि एकमुष्ट रु. १०,०००।- मूल्य बराबरको पौष्टिक आहार उपलब्ध गराइनेछ ।<br>• १००० दिने आमाहरु नियमित जाँच गराई स्वास्थ्य संस्थामा सुत्केरी गराउनेलाई सुत्केरी आमा भेटघाट कार्यक्रम मार्फत एक क्रेट अण्डा सहित पोषण खानेकुरा निःशुल्क वितरण गरिनेछ ।<br>• स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरी अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ ।<br>• पालिका स्तरमा स्वास्थ्य चौकीमा एम्बुलेन्सको ब्यवस्था गर्दै जाने नीति अवलम्बन गरिनेछ ।<br>• वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टरहरु सहित स्वास्थ्य शिविर (आँखा, दाँत, प्रजनन, महिला सम्बन्धी लगायत) सञ्चालन गरिने छ ।<br>• स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रवर्द्धन गरी परम्परागत स्वास्थ्य उपचार विधिलाई ब्यवस्थित गरिनेछ ।<br>• प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै स्वास्थ्योपचार गराउन सहजिकरण गर्नको लागि आवयक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।<br>• गाउँपालिका स्तरमा स्वास्थ्यका लागि योग आश्रम निर्माणको योजना बनाइनेछ ।<br>• स्वास्थ्यमा पहुँच नपुगेका क्षेत्रहरुमा गाउँघर क्लिनिकको व्यवस्था गरिनेछ ।<br>• प्रत्येक स्वास्थ्यचौकीमा एक-एक वटा प्याथोलोजी ल्याब व्यवस्था गरिने नीति अवलम्बन गरिनेछ ।<br>• विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• रेडियो मार्फत गाउँ सामुदायिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• खुडे जन्मिएका बालबालिकाहरु अप्रेशन गर्दा अस्पतालसम्मको यातायात खर्च व्यवस्था गरिनेछ ।<br>• गाउँघर क्लिनिक सञ्चालनमा ल्याउने ।<br>• सबै वडाहरुमा वर्थिङ्ग सेन्टर विस्तार गर्न पहल गर्ने ।<br>• ५ वर्षभित्र सबै स्वास्थ्य चौकी भवनहरु पक्की बनाईने छ । |
| शिक्षा | • हरेक वडाका १/१ वटा आ.वि./माध्यमिक विद्यालयहरुलाई श्रोतसाधन सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।<br>• नमूना विद्यालयहरुमा आधारभुत तहसम्म अनिबार्य रुपमा अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ । त्यस्तो विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि शहरबजारका प्रतिष्ठित निजी विद्यालयहरुसँग सहकार्य गरिनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | • थाङ्पालधाप माविलाई गाउँपालिकाको उच्च शिक्षा प्रदान गर्ने मुख्य शैक्षिक केन्द्रको रुपमा विकास गरिनेछ ।<br>• आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारका समेत गरिनेछ ।<br>• प्राबिधिक शिक्षा अध्ययन गर्न चाहने बिद्यार्थीहरुलाई आंशिक छात्रबृत्ति उपलब्ध गराइनेछ । यसका लागि शैक्षिक बिकास कोष स्थापना गरिनेछ ।<br>• अनाथ, असहाय, अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षासम्मको अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>• पालिकाका उत्कृष्ट छात्रछात्राहरु स्नातकोत्तर र विद्यावारिधि गरेका विद्यार्थीलाई प्रोत्साहन स्वरुप सम्मान गरिनेछ ।<br>• हरेक विद्यालयमा बालविकास कार्यक्रम उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>• सामुदायिक विद्यालयमा स्थानीय प्र.अ. र शिक्षकहरुले आफ्नो छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा नै अध्ययन गराउनु पर्ने नीति लिइनेछ । जसका लागि विशेष सुविधा दिइनेछ ।<br>• सबै विद्यालयमा नि:शुल्क इन्टरनेट सेवा सुविधा उपलब्ध गराइनेछ ।<br>• विद्यालयहरुको बिषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई "Subject Teaching Methods Training" को व्यबस्था मिलाइनेछ ।<br>• विभिन्न संघसंस्था र आयोजनाहरुको सहयोगमा गाउँपालिकामा एक प्राबिधिक शिक्षालय स्थापना गरिनेछ ।<br>• विद्यार्थी अत्यन्त न्युन भएका विद्यालयहरुलाई नजिकका विद्यालयहरुमा गाभिनेछ ।<br>• विद्यार्थीहरुको व्यक्तित्व विकासको लागी अतिरिक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• शैक्षिक बेरोजगार तथ्याङ्क संकलन गरी रोजगारमूलक कार्यक्रम ल्याइनेछ ।<br>• आधारभूत तहसम्म मातृभाषा कक्षा/गोन्पा शिक्षा सञ्चालन गरिनेछ ।<br>• सेवा अवधि हेरी स्थायी शिक्षकहरुलाई विशेष सुविधा दिई बिदाई गरिनेछ ।<br>• विद्यालयहरुमा Lab/ Library / ICT support कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• लामो समयसम्म शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनुहुने शिक्षकलाई सम्मान गरिनेछ ।<br>• हरेक विद्यालयहरुमा मर्मत संभारकोषको स्थापना गरिने लक्ष्य लिइएको छ ।<br>• कामको आधारमा स्पष्ट नतिजा प्राप्त गर्न सक्ने शिक्षकलाई पुरस्कार र नसक्ने शिक्षकलाई यथोचित दण्डको नीति अवलम्बन गरिने छ ।<br>• निजिस्रोत शिक्षक व्यवस्थापनको लागि यसै आ.व.बाट आवश्यकताको आधारमा शैक्षिक अनुदानको व्यवस्था गरिने छ ।<br>• बालविकास (ECD) कक्षाको ब्यवस्था तथा सुधार गरिने छ ।<br>• सामुदायिक अध्ययन केन्द्र(CLC)लाई ब्यवस्थित गरिने छ ।<br>• सबै विद्यालयलाई अपाङ्गमैत्री बनाउन जोड गरिनेछ । शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीलाई अपाङ्गमैत्री विद्यालयका बारेमा तालिमको व्यवस्था गरिनेछ । यस वर्ष सबै विद्यालयमा र्‍याम्पको निर्माण गरिनेछ । गाउँपलिका भित्रका अपाङ्गता भएका बालवालिकाहरूको लगत सङ्कलन गरिनेछ ।<br>• विद्यालयका शिक्षक तथा कर्मचारीको औषधोपचारमा सहयोग गर्नका लागि एक कार्य विधि बनाई जोडकोष (Matching fund ) का आधारमा कानुनमा उल्लेख गरी शिक्षक कर्मचारी कल्याणकारी कोषको व्यवस्था गरिनेछ ।<br>• विद्यालयहरूलाई उनीहरूले अद्यावधिक गरेको विद्यालय सुधार योजना (School Improvement Plan- SIP) को आधारमा मात्र थप अनुदान सहयोग गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा पर्याप्त स्वच्छ पिउने पानी र लैङ्गिकमैत्री शौचालयको व्यवस्था गरिनेछ ।<br>• प्रत्येक विद्यालयका शिक्षक र विद्यार्थीलाई विपद व्यवस्थापन सुरक्षा तालिम दिइनेछ ।<br>• स्थानीय आवश्यकतामा आधारित स्थानीय तहको पाठ्यक्रम तयार गरिनेछ ।<br>• विव्यस र शिक्षक अभिभावक संघका पदाधिकारीलाई उनिहरुको काम कर्तव्य वारे जानकारी गराउन अभिमुखिकरण तालीम सञ्चालन गरिनेछ ।<br>• ६० वर्षभन्दा कम उमेरका निरक्षर व्यक्तिहरूको सङ्ख्या यकिन गरी साक्षर बनाइनेछ । एक वर्ष भित्रमा यस गाउँपालिकालाई "पूर्ण साक्षर गाउँपालिका" घोषणा गरिनेछ । |
| सडक तथा पूर्वाधार | • सडकलाई गाउँपालिकाको मुख्य सडक कोरिडोरका रुपमा विकास गरी आवश्यक मर्मत सम्भार मार्फत वर्षैभरी सञ्चालन गरिनेछ । गाउँपालिका भित्रका अन्य सडक सञ्जाललाई यिनै मुख्य सडकसँग जोडिनेछ । कालोपत्रेका लागि ठेक्का लागि सकेको सडकको निर्माण कार्य निर्धारित समयमा नै सम्पन्न गराउन र निर्माण कार्यको गुणस्तर सुधार गर्न प्रभावकारी अनुगमन व्यवस्था मिलाइनेछ ।<br>• पुनर्निर्माणको कार्यलाई निर्धारित समयभित्रै सम्पन्न गराउन विशेष पहल गरिनेछ । गुनासो सम्बोधनको लागि सम्बन्धित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पहल गरिनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | • भवन निर्माण आचार संहितालाई अनिवार्य गराइनेछ ।<br>• आगामी ३ वर्षभित्र निर्माणाधीन विद्यालयका भवनहरु, गुम्बा, मठ मन्दिर, सामुदायिक भवनहरुको निर्माण कार्यक्रम सम्पन्न गराउनका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।<br>• पाँचपोखरी पर्यटन मार्ग (मेलम्ची-भोताङ) लाई ५ वर्षभित्र कालोपत्रे गरिनेछ ।<br>• सडकहरुको स्तरोन्नति गर्दा कालोपत्रे भन्दा स्थानीय श्रोतसाधन र श्रमको उपयोग हुने र गुणस्तरीय समेत हुने नयाँ प्रविधिको प्रयोग गरिनेछ ।<br>• गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्म पुग्ने दुई लेनको सुरक्षित र भरपर्दो सडक निर्माण गरिनेछ । गाउँपालिका केन्द्रसम्म जाने सडक कालोपत्रे गरिनेछ ।<br>• आमायाङ्री पर्यटन मार्ग (मेलम्ची-क्यौरेनी-बाँसखर्क-बरुवा-याङ्री) लाई ५ वर्षभित्र कालोपत्रे गरिन लक्ष्य लिइने छ ।<br>• आगामी पाँच वर्षभित्र गाउँपालिकाको भवन र विषयगत कार्यालयको भवनहरु निर्माण सम्पन्न गरिने लक्ष्य लिइएको छ ।<br>• पालिकाका सबै सडकहरुलाई हरियाली सडकको रुपमा विकास गरिनेछ ।<br>• हरेक वडामा एक एक वटा सुविधासम्पन्न सामुदायिक भवन निर्माण गरिनेछ ।<br>• हिमाली पाँचपोखरी चक्रपथ (खाल्टे-लागर्चे-ओखेनी-गोब्रे-नाम्लाङ-लेखर्क-गुन्सा- भोताङ - याङ्री - बरुवा - बाँसखर्क हुँदै खाल्टे) लाई साइड ब्याक सहित १५ मिटर चौडाइ कायम गरी स्तरोन्नति गरिनेछ ।<br>• मानेखर्क अस्पतालदेखि नागीडाँडासम्मको सडकलाई फराकिलो बनाई व्यवस्थित पर्यटन मार्गको रुपमा विस्तार गरिनेछ ।<br>• रैथाने - गुन्सा, चिन्डे - बाँसखर्क, माकल - बरुवा, घुम्लेपाखो - बाँसखर्कमा मोटरेबल पुल पाँचवर्षभित्र सम्पन्न गर्ने गरी सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।<br>• गाउँपालिकाका आवश्यक स्थानको पहिचान गरी झोलुङ्गे पुलको निर्माण कार्य गरिनेछ ।<br>• गुन्सा-च्योच्यो डाँडासम्मको सडकलाई फराकिलो बनाई व्यवस्थित पयर्टनमार्गको रुपमा विस्तार गरिनेछ ।<br>• हरेक वडाको सम्पूर्ण सार्वजनिक स्थानहरुमा ५ वर्ष भित्रमा सौर्यबत्ती जडान गरिनेछ ।<br>• हरेक वडामा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।<br>• पोखरेभञ्ज्याङ्ग बाँसखर्क जतन सडक (पर्यटन मार्गको रुपमा विकास गरिनेछ ।)<br>• छिम्तीखोला, डुखाँङ,ग्याल्सिम मोटर बाटोको निर्माण गरिने छ । |
| सिंचाई, खानेपानी, सरसफाइ | • यसअघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पूराना धारा र ट्यांकीहरुको मर्मत संभारकोषको व्यवस्था गर्ने लक्ष्य लिइएको छ ।<br>• ३ वर्ष भित्र खानेपानी नपुगेका वस्तीहरुमा खानेपानी व्यवस्था गरिनेछ । र एक घर एक धारा नीतिलाई अगाडि बढाइनेछ ।<br>• घरको छतबाट निस्केको पानी सडकमा पठाउन नमिल्ने नीति बनाइनेछ ।<br>• प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानमा डस्टबिनको व्यवस्था गरिनेछ ।<br>• सार्वजनिक स्थलहरुमा धुम्रपान र मद्यमान निषेध गरिनेछ ।<br>• पर्यटकीय स्थलहरुमा सरसफाइलाई विशेष महत्व दिइनेछ ।<br>• प्लास्टिक निषेध कार्यक्रम अगाडि बढाइनेछ ।<br>• विद्यालयहरुमा चाउचाउ लगायतका जङ्क फुड निषेधित क्षेत्र बनाइनेछ ।<br>• फोहोर मैला व्यवस्थापन नीति बनाइनेछ ।<br>• एक घर एक शौचालय अनिवार्य बनाउने नीति अवलम्बन गरिनेछ ।<br>• हरेक तीन महिनामा सरसफाई अभियान वडा स्तरमा संचालन गरिने छ ।<br>• खानेपानी तथा सरसफाई समिति दर्ता गरी नियमन गरि प्रभावकारी व्यवस्था मिलाइने छ ।<br>• नयाँधारा ढाँडखर्क सिँचाईको ब्यवस्था गरिने छ ।<br>• बेशीँकुलो सिँचाईको ब्यवस्था गरिने छ ।<br>• सिउरेनी अधेँरीखोलो सिँचाईको ब्यवस्था गरिने छ । |
| वन, वातावरण तथा भू संरक्षण | • गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक सम्पदाहरु (जल, जमिन, बनजङ्गल, ढुङ्गारोडा, खनिज आदि) उपयोग गर्ने गरि निर्माण हुने वा भएका आयोजना तथा उद्योग ब्यवसायहरुले अनिबार्य रुपमा पुर्व स्विकृति लिइ दर्ता गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।<br>• हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विधुतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।<br>• लालीगुराँस रुख काट्न नपाइने नीति अवलम्बन गरिनेछ ।<br>• सडक किनारामा भूक्षयलाई रोकी आर्थिक लाभ समेत लिन अम्रिसोका विरुवाहरु रोपी त्यसको संरक्षण र |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।<br>• पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा बाँसका विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहीन किसानहरुलाई जिम्मा दिइनेछ ।<br>• गाउँपालिका क्षेत्रभित्र रहेका वन क्षेत्रलाई सामुदायिक वन, कवुलियती वनको रुपमा व्यवस्थित गरिनेछ । नयाँ सामुदायिक बनको दर्ता गरी पुराना सामुदायिक बनको नविकरण गरिनेछ ।<br>• जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न खाली जग्गाका सर्वेक्षण र माटो परीक्षण गरी जमिनको प्रकृति अनुसारको भुउपयोग नीति अवलम्बन गरिनेछ ।<br>• पालिका स्तरमा एउटा जडिबूटी उत्पादन, प्रशोधन केन्द्र स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।<br>• पालिका स्तरमा एक व्यवस्थित नर्सरीको व्यवस्था गरिनेछ ।<br>• सरकारी कर्मचारी, जनप्रतिनिधि, शिक्षक सबै व्यक्तिको हरेक वर्ष हुने जन्मदिनको दिन एक एक वटा वृक्षारोपण कार्यक्रमलाई अनिवार्य गरिनेछ ।<br>• वन तथा वातावरण विनाश गर्ने विरुद्ध कडा कानुन बनाई कार्यान्वयन गरिनेछ ।<br>• जलवायु परिवर्तन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• नेपाल सरकारले बन्देज गरेका वन्यजन्तुको सिकार गरेमा कानुन बमोजिम कडा भन्दा कडा कार्वाही गरिनेछ । |
| आर्थिक विकास | • व्यवसायिक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्रउपकरण सहयोग र अवलोकन भ्रमणको समेत व्यवस्था मिलाइनेछ ।<br>• खेर गइरहेको श्रमलाई उत्पादनमा जोड्न *हाते सिपमुलक लघु उद्यम कार्यक्रम* सञ्चालन गरिनेछ ।<br>• गाउँपालिका स्तरमा १ औद्योगिक क्षेत्र स्थापनाका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।<br>• बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्यांक संकलन गरी उनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिनेछ ।<br>• गाउँपालिका केन्द्रमा राष्ट्र बैंकबाट स्वीकृत प्राप्त 'क' श्रेणीको बैंक मेगा बैंक सञ्चालनमा ल्याइनेछ ।<br>• हाटबजार व्यवसायलाई व्यवस्थित गरी प्रोत्साहन गरिनेछ ।<br>• व्यवसायिक खेती, उद्योग सञ्चालनमा विशेष जोड दिइनेछ ।<br>• कृषिजन्य र पशुजन्य व्यवसायको प्रवर्द्धन गरि बजारिकरणमा सहयोग गरिनेछ । |
| संस्कृति तथा पर्यटन | • पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई पर्यटन प्रबर्द्धनको गन्तव्यको रुपमा विकास गर्न एक पर्यटन बोर्डको गठन गरिनेछ ।<br>• ८ वटाको वडालाई फरक फरक किसिमको मौलिकता झल्काउने रंग पहिचान गरी प्रत्येक व्यक्तिको घरमा एकै किसिमको रंग लगाइने नीति ल्याइनेछ । जसको निमित्त अनुदानको व्यवस्था गरिनेछ ।<br>• गाउँपालिकाको माथिल्लो क्षेत्रमा रहेको देउराली, ऐतिहासिक गुफा, हवेली, गुम्बा, मठमन्दिर पोखरीको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>• ऐतिहासिक क्षेत्रहरुमा भ्युटावरको निर्माण गरिनेछ ।<br>• बहुआयामिक साँस्कृतिक संग्रहालय तथा पार्क निर्माण गरी होमस्टे सञ्चालन गरिनेछ ।<br>• वञ्जिजम्प, प्यारागलाइडिङ, रक क्लाइमिङ, पदमार्ग जस्ता पर्यटनसँग सम्बन्धित पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• धार्मिक, सांस्कृतिक महत्व बोकेको क्षेत्र पाँचपोखरी, आमायाङ्री जस्ता क्षेत्रहरुमा केबलकारको व्यवस्थालाई जोड दिइनेछ । साथै संभाव्यता अध्ययनलाई तीव्र बनाइनेछ ।<br>• गुन्सामाथिको च्योच्यो डाँडा क्षेत्रमा हिमाली हाई अल्टिच्युट ट्रेनिङ सेन्टर र नागीघ्याङमाथिको नागीथामडाँडामा प्याराग्लाइडिङका साथ उद्यान केन्द्र निर्माण गरिनेछ । सोही स्थानमा गुरु रेन्पोछेको आकर्षक मूर्ति निर्माण गरिनेछ र भोताङ्गको छिम्तीमा रक क्लाइमिङ्ग स्थापना गरिनेछ ।<br>• थाङ्पालकोटमा एक सुविधासम्पन्न तारे होटल निर्माणको लागि निजी व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।<br>• डूयागन गुफा, हबेली, अमिलोपानी जस्ता स्थानहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।<br>• पर्यटन प्रबर्द्धको लागि पाँचपोखरी म्यारथुनलाई नियमित गरिनेछ ।<br>• यसै आर्थिक वर्षदेखि सुरु हुने गरी पर्यटन शुल्क लागू गरिनेछ ।<br>• छिम्तीभिरमा कृत्रिम झर्नाको निर्माण गरिने छ ।<br>• टोप्के स्योङ झर्ना तथा सिँचाई निर्माण गरिने छ । |
| यूवा तथा खेलकुद | • गाउँपालिका स्तरमा खेलकुदको विकास, विस्तार गर्न पालिका स्तरमा खेलकूद परिषद् स्थापना गरिनेछ ।<br>• गाउँपालिकास्तरमा उपयुक्त स्थानको खोजी गरी १ रंगशालाको निर्माण गरिनेछ भने हरेक वडाहरुमा १/१ वटा खेलकुद मैदान निर्माण गरिने लक्ष्य लिएको छ ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा पदक बिजेताहरुलाई विशेष सम्मान गरिनेछ साथै गाउँपालिका भित्रका |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडीहरुलाई प्रोत्साहनको लागि खेलकूद नियमानुसार आर्थिक सहयोग समेत गरिनेछ ।<br>• स्वास्थ्यका लागि खेलकूद, अनुशासनका लागि खेलकूद, गतिशीलताका लागि खेलकूद कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>• गाउँपालिका स्तरीय वार्षिक खेलकुद महोत्सव आयोजना गरिनेछ ।<br>• यूवाहरुलाई सकारात्मक सोच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलीङ कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• गाउँपालिका भरी सञ्चालन हुने खेलकूद कार्यक्रम गठन हुने खेलकूद परिषद्को मातहत हुनेछ ।<br>• अध्यक्ष कप रनिङ्ग शिल्ड कप आयोजना गरिनेछ । |
| सुशासन | • गाउँपालिकाको विकास कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।<br>• NGO/INGO बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाऊँपालिकाको वार्षिक कार्यक्रम र वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ ।<br>• सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, जवाफदेही वनाइनेछ । भ्रष्टचारमा शुन्य सहनसिलताको नीति अबलम्बन गरिनेछ ।<br>• विद्यालय र स्वास्थ्य चौकिको गुणस्तर सुधार गर्न रेखदेख तथा निरिक्षण कार्यदल गठन गरी हरेक महिना गाउँपालिकाले रिपोर्ट लिइ सेवा तथा गुणस्तरमा नियमित सुधार गरिनेछ ।<br>• वेभसाइट मार्फत गाऊँ सरकारको आम्दानी तथा खर्च अर्धवार्षिक रुपमा सार्वजनिक गरिनेछ । जुन स्थानीय रेडियो र पत्रपत्रिका मार्फत सार्वजनिक गरिनेछ ।<br>• सम्पूर्ण सरकारी कार्यालयहरुमा बडापत्र तयार गरी सार्वजनिक गरिनेछ ।<br>• विकासका वार्षिक योजना निर्माण र कार्यन्वयनमा समुदाय परिचालनका लागि साविकका वडालाई समेटेर टोल सुधार समिति समेत गठन गरी सक्रिय वनाइनेछ ।<br>• गाउँपालिकाको आफ्नै वेवसाइट (www.panchapokharithangpalmun.gov.np) संचालनमा ल्याइनेछ ।<br>• गाउँपालिकाको आफ्नै मोबाइल एप्स बनाई आवश्यक सूचना प्रवाह गरिनेछ ।<br>• आयोजनाहरुको आयोजना स्थलमा नै सार्वजनिक जानकारीका लागी तीन लाख भन्दा माथिको आयोजनाहरुमा होडिङ्ग बोर्ड कडाइका साथ कार्यान्वयन गरिने छ । |
| संस्थागत विकास | • कर्मचारीको कार्य सम्पादनलाई छिटो, छरितो र सर्वसुलभ बनाउन कर्मचारी मूल्याङ्कन समिति गठन गरी पुरस्कृत कार्यक्रम सञ्चालन गरिनेछ । कर्मचारीलाई बढी काम बढी सुविधाको नीति बनाइनेछ ।<br>• विकासमा स्थानीय जनताको अपनत्व जागृत गराई विकास छिटो दिगो बनाउन स्थानीय जनताको समेत लगानी हुने गरि *विकासमा साझेदारी कार्यक्रम* सञ्चालन गरिनेछ जसका लागि समपुरक अनुदान (Matching Fund) को ब्यवस्था गरिनेछ ।<br>• गाउँपालिकाको योजनाबद्ध विकासका लागि ५ वर्षे विकास गुरुयोजना निर्माण गरिनेछ ।<br>• उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि तर्जुमा गरिनेछ ।<br>• सवै वडाको घरधुरी दर्ता गरि घरधुरी पहिचानको लागि निश्चित कोड प्रदान गरिनेछ ।<br>• एकिकृत तथ्यांक ब्यवस्थापन प्रणाली सुरुवात गरिनेछ । पारिवारिक विवरण (Family Folder) स्थापना गरि, सफ्टवेयर मार्फत वडाहरु बाटै तथ्यांक अद्यावधिक हुने ब्यवस्था शुरु गरिनेछ ।<br>• संगठन ब्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरि गाउँपालिकाको जनशक्ति आवश्यकता पहिचान गरिनेछ । सो का आधारमा स्थानीय कर्मचारी सेवा ऐन तर्जुमा गरिनेछ ।<br>• गाउँपालिका भित्र आवश्यक पर्ने कर्मचारीको पदपुर्तिका लागि करार प्रणालीको अवलम्बन गरिनेछ, सो कार्यलाई व्यवस्थित गर्न एक कार्यविधि निर्माण गरिनेछ ।<br>• बचत तथा ऋण र कृषि सहकारीलाई नियमन र व्यवस्थित गरिनेछ ।<br>• स्थानीय स्तरमा गठित सामुदायिक संस्थाहरुलाई सहकारी मोडेलमा विकास गरी उद्यमशिलता विकासमा जोड दिइने छ । |
| राजश्व संकलन र परिचालन | • गाऊँपालिकामा कर संकलन गर्दा प्रगतिशिल कर प्रणाली लागु गरिनेछ ।<br>• गाऊँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ ।<br>• मुख्य राजश्वका स्रोतहरुः सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, ब्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुरको निर्धारण गरि सफ्टवेयर प्रणालीबाट असुली गर्ने ब्यवस्था मिलाइनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | • आम जनतालाई कर तथा राजश्वको महत्वका वारेमा जनचेतना विस्तार गरी एकीकृत कर प्रणालीमा ल्याउन जोड दिइनेछ ।<br>• राजश्व बुझाउने वडालाई उठेको कुल राजस्वको ६० प्रतिशत रकम सम्बन्धित वडामा योजनागत खर्चका लागी सोही वडामा दिइने ब्यवस्था गरिने छ ।<br>• गाउँसभाबाट स्वीकृत गरेका राजस्वका दररेटहरु र आयोजनाहरुको विवरण पुस्तक प्रकाशन, रेडियो, पत्रपत्रिका मार्फत सार्वजनिक गरिने नीति लिइनेछ । |
| सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन | • पूर्ण अपांगता भएका नागरिकहरुलाई जीवन निर्वाह भत्ता उपलब्ध गराइनेछ ।<br>• हरेक नागरिकको वैंक खातालाई अनिवार्य गराउन विशेष अभियान सञ्चालन गरिनेछ ।<br>• ५ वर्षभित्र गाउँपालिकास्तरमा एक सत्संग भवन तथा हिंसापिडितहरुका लागि आश्रयस्थलको निर्माण गरिनेछ ।<br>• आदिवासी जनजाति र दलित समुदायका ब्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकास तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• जेष्ठ नागरिक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने बातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम सञ्चालन गरिनेछ ।<br>• मादक पदार्थ,जुवातास नियन्त्रणको नीति बनाईने छ ।<br>• जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढिवादी अन्धविश्वासको अन्त्य गर्न *साँस्कृतिक सुधार कार्यक्रम* सञ्चालन गरिनेछ । |
| कानून तथा न्याय सम्पादन | • गाउँपालिकामा आएका सवै मुद्धाहरुलाई छिटो र छरितो, छिनोफानो हुने ब्यवस्था मिलाइनेछ ।<br>• उपरोक्त नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि निम्नलिखित ऐन, नियम, निर्देशिका, नियमावली, कार्यविधिहरु तत्काल तर्जुमा गरी लागु गरिनेछ :<br>  • गाउँपालिकाको विनियोजन ऐन<br>  • गाउँपालिकाको आर्थिक ऐन<br>  • स्थानीय शिक्षा ऐन<br>  • स्वास्थ्य ऐन<br>  • स्थानीय कर्मचारी सेवा ऐन<br>  • कृषि व्यवसाय प्रवर्द्धन ऐन<br>  • उद्योग तथा व्यवसाय ऐन<br>  • कर्मचारी छनौट तथा भर्ना कार्यविधि<br>  • जलविद्युत ऐन<br>  • संस्कृति तथा पर्यटन ऐन<br>  • खेलकूद ऐन<br>  • स्थानीय पूर्वाधार ऐन<br>  • खानी तथा खनिज ऐन |

## केन्द्र तथा प्रदेश स्तरमा सिफारिश गरिएका योजनाहरू

सडक तर्फ

- मेलम्ची -भोताङ सडक कालोपत्रे (पाँचपोखरी पर्यटन मार्ग) (२६ किलोमिटर)
- मेलम्ची - दाउचेत बाँसखर्क जतन बरुवा याङ्ग्री सडक कालोपत्रे (आमा याङ्री पर्यटन मार्ग) (२८ किलोमिटर)
- खाल्डे - ओखेनी - गोब्रे, नाम्लाङ, लेखर्क, गुन्सा थाङपालकोट - भोताङ -बरुवा -बाँसखर्क -मेलम्ची हिमाली चक्रपथ निर्माण ( ५० किलोमिटर)
- गाउँपालिका केन्द्र जोड्ने सडक कालोपत्रे (१५ किलोमिटर)
- पोखरेभञ्ज्याङ्ग बाँसखर्क जतन सडक

पुल तर्फ

- रैथाने - गुन्सा जोड्ने पक्की पुल
- चिन्डे ईन्द्रावती पक्की पुल
- घुम्लेपाखो सडक पक्की पुल
- माहाकालवेशी इन्द्रावती पक्की सडक पुल
- ग्युङगर खोला पक्की सडक पुल
- बरुवा शेरावेशी पक्कि पुल
- भोटेनाम्लाङ्ग थाङ्गपालधाप लेखर्क जोड्ने पक्कि पुल

सिंचाई तर्फ

- थापाकुलो सिँचाइ, भोटेनाम्लाङ
- अधेरी खोला सिँचाइ, लाँगर्चे
- हाँडीखोला, पतरीखोला लेखर्क सिँचाई कुलो
- महाभिर सिँचाई योजना वडा नं ५ गुन्सा
- छिम्तीखोला सिँचाइ - थाङ्पालकोट
- धुस्लुङखोला सिँचाई - थाङ्पालकोट

झोलुङ्गे पुलतर्फ

- गातेखोला गुन्सा झोलुङ्गेपुल निर्माण (गुन्सा)
- गुफाडाँडा, बरुवा जोड्ने झोलुङ्गेपुल निर्माण (थाङ्गपालधाप)
- ताँगुखोला झोलुङ्गे पुल निर्माण(भोताङ्ग)
- धुस्लुङ खोला झोलुङ्गेपुल निर्माण (थाङ्गपालकोट)
- ग्याल्सीङ्ग खोला झोलुङ्गेपुल निर्माण (भोताङ्ग)
- महादेव खोला छेम्वल घट्ट झोलुङ्गेपुल निर्माण (भोटेनाम्लाङ्ग)
- लाँगर्चे सोलेटोल भोटेनाम्लाङ्ग झोलुङ्गेपुल निर्माण(लाँगर्चे)
- फन्दलङ्ग बोम्राङ्ग खोला झो.पु (बाँसखर्क)
- माइखर्क झो.पु (बरुवा)
- चारघट्टे रातमाटा जोड्ने झो.पु (लाँगर्चे)
- छेपारे खोला झो.पु (गुन्सा
- लापार खोला झो.पु

भू-संरक्षण तर्फ

- छेपारे खोला नदी नियन्त्रण तथा व्यवस्थापन, गुन्सा
- टार-गुन्सा सडक खण्ड घटेराडाँडा सडक पहिरो नियन्त्रण
- हाँडीखोला दोभान नदी नियन्त्रण,
- तिपेनी - लागर्चे पहिरो नियन्त्रण
- फ्याफुल्ला - चिलाउने पहिरो नियन्त्रण
- सुनचौर छुकदक्पा याङ्ग्री खोला पहिरो नियन्त्रण
- इन्द्रावती तिपेनी खोला बाढि नियन्त्रण
- धापडाँडा पहिरो नियन्त्रण

**पर्यटनतर्फ**

- पाँचपोखरी ताल संरक्षण एवं केबल कार तथा पदमार्ग निर्माण
- आमायाङ्री पर्यटन मार्ग निर्माण
- नौलिङ्गेश्वरी पर्यटन मार्ग निर्माण
- च्योच्योडाँडा हिमाली रङ्गशाला निर्माण (हाइ अल्टिच्युट ट्रेनिङ सेन्टर)
- गञ्जलापास पर्यटन मार्ग ट्रूयाक खुल्ला गर्ने
- पाँचपोखरी पार्क तथा थामडाँडा प्यारागलाइडिङ
- डूयागन गुफा पर्यटन पद मार्ग निर्माण

कृषितर्फ

- कृषी, जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र निर्माण
- बाँसखर्क, बरुवा, भोताङ, लागर्चेलाई चिया उत्पादन केन्द्र रुपमा विकास
- लागर्चेको ओखेनीमा किबी पकेट क्षेत्र विस्तार गर्ने ।
- तरकारी संकलन केन्द्र र शित भण्डार स्थापना ।

खानेपानी योजना तर्फ

- साविक वडा ६,७,८,९ खानेपानी योजना भोटेनाम्लाङ (थापाकुलो मुहान)
- मुढे -पातल खानेपानी योजना लाँगर्चे

वन तर्फ

- जडिबूटी उत्पादन प्रशोधन केन्द्र निर्माण
- हिमाली पाँचपोखरी उद्यान केन्द्र निर्माण

स्वास्थ्यतर्फ

- पालिका स्तरीय १५ शैय्याको अस्पताल निर्माण,

युवा तथा खेलकूद

- पालिका स्तरीय रङ्गशाला निर्माण

सभाका माननीय सदस्यज्यूहरु

तेस्रो गाँउसभालाई सफलतापूर्वक सम्पन्न गराउनका लागि गाउँसभाका सम्पूर्ण माननीय सदस्यज्यूहरु, राजश्व परामर्श समिति, राजश्व प्रक्षेपण श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विधेयक समिति, बिषयगत समितीका पदाधिकारीहरु एवं यस गाउँसभालाई महत्वपूर्ण सल्लाह, सुझाव दिनुहुने गाँउ क्षेत्रमा कृयाशिल राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, लक्षित समूहका संगठित संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षक, बुद्धिजिवी, पत्रकार, समाजसेवी तथा गाँउपालिकाका कर्मचारी लगायत सम्पूर्ण गाँउबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

# पाँचपोखरी थाङ्पाल गाँउपालिकाको विनियोजन ऐन

पाँचपोखरी थाङ्पाल गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७४।०३।१०

प्रस्तावना :

पाँचपोखरी थाङ्पाल गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पाँचपोखरी थाङ्पाल गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम “ पाँचपोखरी थाङ्पाल गाउँपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४१ करोड ३४ लाख ८९ हजार (अक्षेरुपी एक चालिस करोड चौतिस लाख उन्नानब्बे हजार हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त पाँचपोखरी थाङ्पाल गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| | |
|---|---|
| संघिय सरकारको सर्शत अनुदान खर्च | १०६,१००,०००.०० |
| कार्यालयको चालु खर्च | ५१,६००,०००.०० |
| पुजिगत खर्च | २१,२००,०००.०० |
| वडास्तरिय पुर्वाधार तथा कार्यक्रम खर्च | २४,०००,०००.०० |
| प्रदेश सरकारको सर्शत अनुदान खर्च | २२,५८०,०००.०० |
| सामाजिक सुरक्षा खर्च | ४०,०००,०००.०० |
| पालिकास्तीर पुर्वाधार | १४८,००९,०००.०० |
| जम्मा | ४१३,४८९,०००.०० |

# स्थानीय तहको आर्थिक ऐन

पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना :
पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पाँचपोखरी थाङ्गपाल गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पत्ति कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकीकृत सम्पत्ति कर घरजग्गा कर कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत) : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । (एकीकृत सम्पती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

४. घर जग्गा बहाल कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संथाले भवन, घर, पसर, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिने छ ।

५. व्यवसाय कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय कर लगाइने र असूल गरिनेछ ।

६. जडिबुटि, कवाड र जीवजन्तु कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेत्र गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असूल उपर गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

८. विज्ञापन कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. मनोरञ्जन कर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. बहाल विटौरी शुल्क : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जगगा मा अनुसूचि उल्लेख भए अनुसार बहाल बटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ्ग शुल्क : पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूचि बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्यायर र यहिफ्टीङ्ग शुल्क : पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्यायर र यहिफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुर : पाँचपोखरी थाङ्गपाल गाउँपालिका ले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचिमा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन प्रवेश शुल्क : पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेको उद्यान, पार्क, चिडियाघर, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूचिमा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असूच उपर गरिनेछ ।

१५. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १: गाउँपालिकाले लगाउने करका क्षेत्र र दरहरु ।

## आ.व २०७५। ७६ का लागि प्रस्तावित कर तथा राजश्वका दरहरु

| सि.न. | विवरण | आ.व २०७४।७५ को राजश्व | आ.व २०७५।७६ को प्रस्तावित राजश्व | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा अन्य सिफारीस | | | |
| | मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस | | ५०० | |
| | जग्गा नामसारी सिफारीस | | ५०० | |
| | मोही लगत कट्टा सिफारीस | | ५०० | |
| | अपुताली सिफारीस दस्तुर | | १००० | |
| | बसोवास प्रमाणीत | | ५०० | |
| | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | | ५०० | |
| | साना घरेलु उद्योगमा आगलागि सिफारीस | | १५०० | बिमा प्रयोजनका लागि, अन्यको हकमा निशुल्क |
| | मझौला उद्योगमा आगलागि सिफारीस | | ३००० | बिमा प्रयोजनका लागि, अन्यको हकमा निशुल्क |
| | ठूला उद्योगमा आगलागि सिफारीस | | ५००० | बिमा प्रयोजनका लागि, अन्यको हकमा निशुल्क |
| | दैवि प्रकोप सिफारिस | | निशुल्क | |
| | नक्सा पास किताव दस्तुर | | ५०० | |
| | संघसंस्थाको बैक खाता खोल्ने सिफारिस | | १०० | |
| | सवै किसिमका फारम दस्तुर | | ५० | |
| | नाम, उमेर थर लगायत संसोधन सिफारिस | | २०० | |
| | पक्की घर कायम सिफारीस | | १००० | १००० बर्ग फिट भन्दा माथीको हकमा प्रति वर्ग फिट रु २।०० |
| | टिनको छाना भएको कच्की घर कायम सिफारीस | | ३०० | |
| | कच्ची घर सिफारीस | | २०० | |
| | तिनपुस्ते खुन्ने सिफारीस, | | ५०० | |
| २ | नागरीकता सम्बन्धित सिफारीस | | | |
| | नागरीक प्रमाणपत्र सिफारीस अनुसूचि १ | | १०० | |
| | नागरीकता सर्जिमिन मुचुल्का | | ५०० | |
| | नागरीकताको प्रतिलिपी | | २०० | दोस्रो पटक भन्दा बढी प्रति सिफारिस रु ५००।०० |
| | अंगीकृत नागरीकता | | ५००० | |
| | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | | १००० | |
| | नावालक परिचय पत्र सिफारिस | | ५०० | |
| ३ | पंजिकरण सँग सम्बन्धि प्रमाणीत सिफारीस | | | |

| सि.न. | विवरण | आ.व २०७४।७५ को राजश्व | आ.व २०७५।७६ को प्रस्तावित राजश्व | कैफियत |
|---|---|---|---|---|
| | विवाह प्रमाणीत | | १०० | बिदेशीको हकमा रु ५००।०० |
| | जन्म प्रमाणीत | | १०० | बिदेशीको हकमा रु ५००।०० |
| | मृत्यु प्रमाणीत | | १०० | बिदेशीको हकमा रु ५००।०० |
| | बसाईसराई प्रमाणीत | | २०० | बिदेशीको हकमा रु ७००।०० |
| | अविवाहीत प्रमाणीत | | २०० | बिदेशीको हकमा रु ७००।०० |
| | संवन्धविच्छेद प्रमाणीत | | ५०० | बिदेशीको हकमा रु १५००।०० |
| ४ | व्यक्तिसँग सम्बन्धित सिफारीस | | | |
| | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस | | १०० | |
| | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास नभएको हकमा | | ५०० | |
| | नेपाली पेन्सन पट्टा बहाकका लागि गरेको जुनसुकै सिफारीस | | ३०० | उल्लेखित सिफारिसमा सर्जमिन गर्नपरेमा सोको दस्तुर रु. ५०० छुट्टै लाग्ने छ। |
| | भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | | ७०० | |
| | अन्य देशका पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | | २००० | |
| | बैदेशिक रोजगारीको सिलसिलामा मृत्य भएको व्यक्तिको सिफारीस | | निशुल्क | |
| | व्यवसाय बन्द सिफारीस | | १०० | |
| | निवेदन दस्तुर | | १०० | |
| | अन्य सिफारीस | | २०० | |
| | नाता प्रमाणीत नेपालीमा | | ३०० | |
| | नाता प्रमाणीत अंग्रेजीमा | | ५०० | |
| | नम्वरी जग्गाको रुख काट्ने सिफारीस नीजि प्रयोजन ३० क्यु फि सम्म | | २०० | ३० क्यु फिट भन्दा बढी भएमा प्रति क्य. फिट रु.१० वडाको सिफारिसमा स्थलगत हेरी गाँउपालिकाले लिने |
| | सहुलियत काठको सिफारीस | | ५०० | |
| | काठ निकासि प्रति रुख | | २०० | |
| ५ | माग निवेदनका आधारमा जग्गा छुट्याउने काम (अमिनद्वारा) | | | |
| | एक रोपनी सम्मको लागि | | ५०० | |
| | एक रोपनी देखी दश रोपनी सम्म | | १००० | |
| | दश रोपनी देखि पचास रोपनी सम्मको लागि | | ३००० | |
| | पचास रोपनी भन्दा माथि | | १०० प्रति रोपनी | |
| | घर बनाउदा किचलो परी जग्गा छुट्याउदा | | २००० | |
| ६ | उद्योग दर्ता सिफारीस | | | |
| | चप्पल उद्योग | | १००० | |
| | चाउचाउ उद्योग | | १००० | |

| सि.न. | विवरण | आ.व २०७४।७५ को राजश्व | आ.व २०७५।७६ को प्रस्तावित राजश्व | कैफियत |
|---|---|---|---|---|
| | विस्कुट उद्योग | | १००० | |
| | सलाई उद्योग | | १००० | |
| | प्लाई उड उद्योग | | ३००० | |
| | कपडा उद्योग | | ३००० | |
| | बरफ उद्योग | | १००० | |
| | कन्फेसनरी (मिठाई) उद्योग | | १००० | |
| | काष्ठ उद्योग | | ३००० | |
| | स मिल सहितको काष्ठ उद्योग फर्निचर समेत | | ५००० | |
| | फर्निचर मात्र | | १००० | |
| | ग्यारेज | | १००० | |
| | पेट्रोल पम्प | | १०००० | |
| | मट्टितेल डिलर | | २००० | |
| | स्टेशनरी वा कपी उद्योग | | ५००० | |
| | डिस्टीलरी वा ब्रुअरी उद्योग | | १०००० | |
| | हल्का पेय जुस पदार्थ उद्योग | | २००० | |
| | प्लास्टीक उद्योग | | ३००० | |
| | पाउरोटी, केक, दुनट उद्योग | | १००० | |
| | ग्रील उद्योग | | २००० | |
| | गलैचा उद्योग | | ५००० | |
| | गार्मेन्ट उद्योग | | ३००० | |
| | कुटानी पिसानी मिल | | १००० | |
| | भुजीया उद्योग | | ५०० | |
| | ईटा तथा टायल उद्योग आधुनीक भट्टा जडित | | ५००० | |
| | ईटा तथा टायल आधुनीक यन्त्र जडान नगरीएको | | ३००० | |
| | चिया उद्योग | | २००० | |
| | तामा, पित्तल, फलाम, आल्मुनीयम जस्ता धातु उद्योग (घरेलु) | | १००० | |
| | अफसेट प्रेश | | २००० | |
| | प्रेश बाहेक प्रिन्टिङ्ग तथा लेवल उद्योग | | १००० | |
| | कुटानी पिसानी दुई भन्दा बढि प्रकारका काम गर्ने ठूला उद्योग | | १००० | एक भन्दा बढी भएमा प्रति गोटा रु ५००।०० |
| | जुस, सस, अचार उद्योग | | ५०० | |
| | सिमेन्टका पाईप तथा पोल उद्योग | | ५००० | |
| | बेतबाँसको फर्निचर उद्योग | | १००० | |
| | लुव्रिकेन्डस उद्योग | | १०००० | |
| | कर्सर उद्योग | | २०००० | थप यन्त्र जडान गरे वापत प्रति यन्त्र रु.५००० |
| | जल विधुत आयोजना १ मेगा वाट सम्म जल विधुत आयोजना १ देखि ५ मेगा वाट सम्म जल विधुत आयोजना ५ मेगा वाट भन्दा माथी | | २०,०००<br>५०,०००<br>१००,००० | |
| | सहकारी दर्ता | | १००० | |
| | गैर सरकारी संस्थाहरु | | २००० | |
| | रेमिटेन्स | | २००० | |

| सि.न. | विवरण | आ.व २०७४।७५ को राजश्व | आ.व २०७५।७६ को प्रस्तावित राजश्व | कैफियत |
|---|---|---|---|---|
| | कृषि -गाई फर्म,बाख्रा,बंगुर)फर्म | | १००० | |
| | पंछी -कुखुरा लगायत अन्य फर्म) | | १००० | |
| | माथि उल्लेख नगरिएका उद्योगको हकमा निरीक्षण गरि गाउँपालिकाले निरीक्षण गरी लिने साथै मुल दर्ता नै यस गाउँपालिकामा हुने गरी कानुन वनेमा गाउँपालिकाले निर्णय गरि दर शुल्क तोकिने छ । | | १००० देखि २०००० | |
| ७ | निजी शिक्षण संस्था दर्ता एवम् अन्य कामका लागि गरीने सिफारीस | | | |
| | पूर्व प्राथमिक | | २००० | |
| | आधारभुत विद्यालय | | ५००० | |
| | माध्यमिक विद्यालय | | १०००० | |
| | क्याम्पस | | १५००० | |
| | प्राविधिक शिक्षण संस्था | | १०००० | |
| | स्तर बृद्धीका लागि सिफारीस | | २००० | |
| | अंश वण्डा हक छोड्ने, परिवार भित्रमा नामसारी, बकस, दाईजो तथा बैकिङ प्रयोजनको हकमा चार किल्ला सिफारिस | | | |
| | १० रोपनी सम्मको | | ५०० | |
| | १० रोपनी देखी ४० रोपनी सम्म | | १००० | |
| | ४० रोपनी भन्दा माथी | | २००० | |
| | घरवाटो सिफारिस | | | |
| | १० रोपनी सम्म | | २०० | |
| | १० रोपनी भन्दा माथी प्रति रोपनी | | ५० | |
| | घर नक्सा पास दस्तुर | | | |
| | ३,००० बर्ग फूट सम्म नक्सा पास गर्दा प्रति वर्ग फूट (आर.सी.सी. ) | | ५ | (क) पटक-पटक गरी नक्सा पास गर्नेका हकमा कुल क्षेत्रफलका आधारमा कुनवर्गमा पर्ने हो सो निर्धारण गरी सोही वर्गको कर लिईने छ । (ख) नक्सा संसोधन गर्दा कूल बुझाउनु पर्ने दस्तुर थप ३० प्रतिशत दस्तुर लिईने छ । (ग) कायम भएको दस्तुरको ५० प्रतिशत धरौटी वापत गाउँपालिकामा जम्मा गर्नू पर्ने छ । जुन निर्माण सम्पन्न भएको दुई बर्ष भित्र सम्बन्धित घरधनीलाई फिर्ता दिईने छ । घर सम्पन्न भएको दुई बर्ष भित्र लिन नआएमा कानून बमोजिम सदर स्याहा गरीने छ । |
| | ३००० भन्दा बढी बर्गफुट भन्दा माथि जतिसुकै भएपनि (आर.सी.सी. ) | | २० | |
| | पक्की संरचना तर छाना जस्ताको तथा अन्य सामाग्रीवाट निर्मित प्रति वर्ग फिट | | २।५ | |
| | पर्खाल प्रति रनिङ्ग फिट | | १।०० | |
| | गाउपालिका घोषणा हुनु पूर्व निमार्ण भएका घरहरुको अभिलेख प्रयोजनका हकमा | | | |
| | काठको घर वा टाँडे घर | | २०० | |
| | भुँई तलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको | | ३०० | |
| | पहिले वनि सकेका पक्की घर प्रति तला | | ५०० | |
| | घर नक्सा नामसारी दस्तुर | | | |

| सि.न. | विवरण | आ.व २०७४।७५ को राजश्व | आ.व २०७५।७६ को प्रस्तावित राजश्व | कैफियत |
|---|---|---|---|---|
| | १००० वर्गफिट सम्मको घर नक्सा नामसारी | | १०००।०० | |
| | १००० देखी २००० वर्गफूट सम्मको घर नक्सा नामसारी | | १५००।०० | |
| | २००० देखी ३००० वर्गफूट सम्मको घर नक्सा नामसारी | | २०००।०० | |
| | ३००० देखी ४००० बर्ग फीट सम्मको | | ३०००।०० | |
| | ४००० देखी ५००० बर्गफिट सम्मको | | ४०००।०० | |
| | ५००० बर्गफिट भन्दा माथि प्रति ५०० बर्ग फिट बराबर | | ५०००।०० | |
| | घर निमार्ण क्षेत्र रेखांकन, निरीक्षण लगायतका दस्तुर | | | |
| | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर<br>लेआउट दस्तुर | | ५००।००<br>३००।०० | गाउँपालिकाले भवन संहिता लागू गरे पछि वा सो पूर्व परामर्शदाता वा छुट्टै कर्मचारीबाट नक्सा र निर्मित घरको भेरीफीकेशन, संहिता पालना का विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्नेछ । |
| | अन्य सिफारिस दस्तुर | | | |
| | घरमा विद्युत जडान सिफारीस | | ३००।०० | |
| | थ्रिफेज लाईन जडान सिफारीस | | १०००।०० | |
| | खानेपानीको धारा जडान | | १००।०० | |
| | संस्था दर्ता सिफारीस | | १०००।०० | |
| | सिनेमा हल खोल्ने सिफारीस | | १००००।०० | |
| | मेला सर्कस अनूमति सिफारीस | | न्यूनतम एक दिन सम्मको रू ५००० र थप प्रतिदिन रू ३००० | |
| | टेलिफोन जडान सिफारीस | | १००।०० | |
| | अन्यत्र नपरेका सर्जमिन | | ५००।०० | |
| | पसल कोठा आगजनी भएको | | निशुल्क | |
| | सबै प्रकारका अंग्रेजीमा सिफारिस | | १०००।०० | |
| | पुल हाउस | | ५००।०० | |
| | मालपोत अशुलि दर | | | |
| | दश रोपनि सम्म | | ५० | |
| | दश रोपनी देखि विष रोपनी सम्म | | १०० | |
| | विष रोपनी भन्दा माथि प्रति रोपनी थप लिने । | | अब्बल-१०<br>दोयम-७<br>सिम- ५<br>चाहार-३ | विलम्ब शुल्क १ वर्षपछि २० प्रतिशत, २ वर्ष पछि ३० प्रतिशत , ३ वर्ष पछि ५० प्रतिशत र ५ वर्ष पछि १०० प्रतिशत लाग्ने छ । |
| | प्रतिलिपी सिफारिस | | | |
| | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | | २००।०० | |
| | घरको नक्साको प्रतिलिपी | | १५०।०० | |

| सि.न. | विवरण | आ.व २०७४।७५ को राजश्व | आ.व २०७५।७६ को प्रस्तावित राजश्व | कैफियत |
|---|---|---|---|---|
| | व्यवसाय प्रमाणपत्रको प्रतिलिपी | | १००।०० | |
| | प्रमाणपत्र बाहेक अन्यको प्रतिलिपी प्रति पाना | | ५।०० | |
| | मालपोत वा घरको नक्साको कर तिरेको प्रतिलिपि | | ५०।०० | |
| | स्थानिय कच्चा पदार्थमा लाग्ने कर | | | |
| | अलैची प्रति केजि | | ५ | |
| | अम्लिसो प्रति केजि | | ०।५ | |
| | मजिटो प्रति कजि | | ०।५ | |
| | चिरैतो, प्रति ग्राम | | ०।५ | |
| | सतुवा प्रति केजि | | १०।०० | |
| | यार्सागुम्वा प्रति केजि | | १०००० | |
| | ऐसेलु,चुथ्रो प्रति केजि | | ५।०० | |
| | लोक्ता प्रति के.जी | | ५।०० | |
| | लौठ सल्ला प्रति केजी | | १०।०० | प्रति बिरुवा रु १ |
| | नागवेली पाउडर प्रति के.जी. | | १०।०० | |
| | छुर्पी प्रति केजी | | ५०।०० | |
| | धसिगरेको तेल प्रति लि. | | १००।०० | |
| | स्लेट ढुंगा प्रति वर्ग फिट | | ६ | |
| | वालुवा निकासी<br>मिनि ट्रक प्रति ट्रक<br>फोर वील आइचर ट्रक<br>ठुलो ट्रिपर<br>१० चक्के वा सो भन्दा माथी | | <br>१००<br>२००<br>३००<br>५०० | |
| | वालुवा पैठारी<br>मिनि ट्रक प्रति ट्रक<br>फोर वील आइचर ट्रक<br>ठुलो ट्रिपर<br>१० चक्के वा सो भन्दा माथी | | <br>१००<br>२००<br>३००<br>५०० | |
| | उत्पादनमा<br>मिनि ट्रक प्रति ट्रक<br>फोर वील आइचर ट्रक<br>ठुलो ट्रिपर<br>१० चक्के वा सो भन्दा माथी | | <br>१००<br>२००<br>३००<br>५०० | |
| | पानी घट्ट<br>३ महिना सम्म चल्ने<br>६ महिना सम्म चल्ने<br>१२ महिना सम्म चल्ने | | <br>५०<br>१००<br>१५० | |
| | पटके सवारी कर<br>निजी कार, टयाक्सी, जिप<br><br>बस, ट्रक, ट्रिपर, आइचर गाडी, डोजर, रोलर, ब्याकु लोडर<br><br>मिनी ट्रक, ट्रयाक्टर | | ३०<br><br><br>५०<br><br><br>४० | |
| | अन्य : गाँउपालिकाका ऐन तथा नियमावली बमोजिम हुने छ । | | | |

# व्यवसाय कर

पुंजीको आधारमा

१) व्यापारिक बस्तुहरु

क) किराना पसल कोल्ड ड्रिंक सहित

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १ लाख सम्म | ७००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।- |
| ३ | ५ लाख देखि १५ लाख सम्म | २०००।- |
| ४ | १५ लाख देखि ५० लाख सम्म | ३०००।- |
| ५ | ५० लाख भन्दा माथी | ५०००।- |

ख) क्यामेरा, टेलीभिजन, चस्मा लगायतका फोटो स्टोडियो विधुतिय सामाग्री (सिडि प्लेयर, कम्प्युटर सामाग्री समेतका व्यवसायहरु)

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ५ लाख सम्म | १०००।- |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।- |
| ३ | २० लाख देखि १ करोडसम्म | ३०००।- |
| ४ | १ करोड देखि ५ करोडसम्म | ५०००।- |
| ५ | ५ करोड देखि माथि | ८०००।- |

ग) ट्याक्टर विक्री, कार जीप, अटोमोबाईल, मोटरपार्टस, मोटरसाईकल, मिल, मेशिनरी आदि ।

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १ लाख सम्म | १०००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | २०००।- |
| ३ | ५ लाख देखि १० लाख सम्म | ३०००।- |
| ४ | १० लाख देखि ५० लाख सम्म | ५०००।- |
| ५ | ५० लाख देखि भन्दा माथी | १०,०००।- |

घ) किताब, कापी तथा स्टेशनरीसंग सम्बन्धित व्यवसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १ लाख सम्म | ७००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।- |
| ३ | ५ लाख देखि २० लाख सम्म | २५००।- |
| ४ | २० खाल देखि ५० लाख सम्म | ४०००। |
| ५ | ५० लाख देखि माथि | ५०००।- |

ङ) कृषिसंग सम्बन्धित व्ययवसायको हकमा (कृषि फर्म, गाई, बाख्रा, सुगुर पालन ब्यवसाय आदी कृषि सामग्री औजार, मल, विऊ दाना, चोकर, पशुंपक्षि आहारा)

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १ लाख सम्म | २००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | ५००।- |
| ३ | ५ लाख देखि २० लाख सम्म | १०००।- |
| ४ | २० लाख देखि माथी | ३०००।- |

च) शिसा, फेमिङ, कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु आदि ।

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १ लाख सम्म | ५००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।- |
| ३ | ५ लाख देखि २० लाख सम्म | १५००।- |

| | | |
|---|---|---|
| ४ | २० लाख  देखि माथि | ३०००।- |

छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ३ लाख सम्म | १०००।- |
| २ | ३ लाख  देखि १० लाख सम्म | १५००।- |
| ३ | १० लाख देखि ३० लाख सम्म | २५००।- |
| ४ | ३० लाख देखि ५० लाख सम्म | ५०००।- |
| ५ | ५० लाख  देखि माथी | ८,०००।- |

ज) हार्डवेयर सम्बन्धित बस्तुहरुको व्यापार व्यावसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १० लाख सम्म | २०००।- |
| २ | १० लाख देखि ५० लाख सम्म | ३५००।- |
| ३ | ५० लाख  देखि १ करोड सम्म | ५०००।- |
| ४ | १ करोड  देखि माथि | १०,०००। |

झ) ज्वेलर्ससँग सम्बन्धित बस्तुहरुको व्यापार व्यावसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ५ लाख सम्म | १०००।- |
| ३ | ५ लाख  देखि २० लाख सम्म | २०००।- |
| ४ | २० लाख  देखि ५० सम्म | ३५००।- |
| ५ | ५० लाख  देखि माथि | ५०००।- |

२) विशेष परामर्श तथा ब्यवसायिक सेवा

क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आयुर्वेदिक, पशु डाक्टर, भेटरीनरी, सर्जीकल लागायत स्वस्थ्य संग सम्बन्धित व्यवसायहरु ।

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | एम.डी. | २०००।- |
| २ | एम.वि.वि.एस, पशु डाक्टर | १०००।- |
| ३ | पशु सहायक | ५००।- |
| ४ | कविराज, होमियपेथि, आर्युवेदिक डाक्टर | १०००।- |
| ५ | सर्जिकल सामान खुद्रालाई | १०००।- |
| ६ | औषधिपसल थोकलाई | ३०००।- |
| ७ | सर्जिकल सामान थोक | ३०००।- |
| ८ | भिडियो एक्स रे | २०००।- |
| ९ | कविराज, होमियपेथिक, आर्युवेदिक अहेव | १०००। |
| १० | शारिरिक ब्यायमका सामाग्री विक्री | १५००।- |

ख) परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेश, स्क्रिन प्रिन्टर्स आदि ।

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ३ लाख सम्म | ५००।- |
| २ | ३ लाख  देखि ५ लाख सम्म | १०००।- |
| ३ | ५ लाख देखि १५ लाख सम्म | १५००।- |
| ४ | १५ लाख  देखि २० लाख सम्म | २०००।- |
| ५ | २० लाख देखि १ करोड सम्म | ३०००।- |
| ६ | १ करोड  देखि ५ करोड सम्म | ५०००। |
| ७ | ५ करोड  देखि माथि | १००००।- |
| | अन्य (टेलि चलचित्र ,वृत्तचित्र निर्माण ) | ५०००। |

ग) केवल नेटवर्क ब्यवसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ५०० सम्म ग्राहक भएका | २०००।- |
| २ | ५०० देखि १००० सम्म ग्राहक भएका | ५०००।- |
| ३ | १००० भन्दा माथि ग्राहक भएका | प्रति ग्राहक रु १००। |

घ) कानुनी ब्यवसायी

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २०००।- |
| २ | अधिवक्ता | १०००।- |
| ३ | अभिवक्ता | ७००।- |
| ४ | लेखापढि | १०००। |

ङ) लेखापरीक्षक

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | श्रेणी क | ५०००।- |
| २ | श्रेणी ख | ३०००।- |
| ३ | श्रेणी ग | १५००।- |
| ४ | श्रेणी घ | १०००।- |

च) अन्य सेवाहरु वा फर्म:

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | विमा एजेन्ट विदेशी | २०००।- |
| २ | विमा एजेन्ट स्वदेशी | १५००।- |
| ३ | विज्ञापन ऐजेन्सी | १०००।- |
| ४ | शेयर दलाल | २०००।- |
| ५ | अभिकर्ता | २००।- |
| ६ | कानुनी फर्म | १०००। |

छ) निर्माण ब्यावसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | श्रेणी क | ३००००।- |
| २ | श्रेणी ख | २००००।- |
| ३ | श्रेणी ग (भवन निर्माण कर्ता ठेक्केदार समेत) | १००००।- |
| ४ | श्रेणी घ | ५,०००।- |

३ कुटानी पिसानी व्यवसायहरुको हकमा

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | कुटानी तथा पिसानी मात्र | २००। |
| २ | कुटानी तथा पिसानी पेलानी | ५००।- |
| ३ | कुटानी तथा पिसानी, पेलानी चिउरा समेत | १०००।- |
| ४ | कुटानी तथा पिसानी, पेलानी चिउरा, मसाला समेत | १५००।- |
| ५ | कुटानी तथा पिसानी, पेलानी तथा विक्री समेत | २०००।- |

४. उत्पादनमुलक उद्योग

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरि मालसामान उत्पादन गर्ने ब्यवसाय जस्तो, खेर गईरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रु ५०० देखि रु ५००० सम्म लिन सकिनेछ ।

५. पर्यटन सेवा व्यवसाय

आवास लज, होटल, फास्टफुड रेस्टुरा, रिसोर्ट ट्राभल्स एजेन्सी, **स्वमीङ पुल, कन्फ्रेन्सहल आदि ।**

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | सानो ग्रामिण स्तरको चिया पसल वा १ लाख सम्म लगानी भएको होटल | ५००। |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००। |
| ३ | ५ लाख देखि २० लाख सम्म | २०००।- |
| ४ | २० लाख भन्दा माथि | ५०००।- |
| ५ | रिसोर्टहरुको हकमा | थप रु ३०००।- |

६. संचार सेवा एफ एम समेत

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | १ लाख सम्म | ५००। |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००। |
| ३ | ५ लाख भन्दा माथि | २०००। |
| ४ | एफ.एम. रेडियो प्रसारण | २०००। |

मोवाईल टावर ठूलो रु १५०००। (बार्षिक) सानोको हकमा १००००।

७. बहाल कर

कोठा भाडा यकिन गरि २ प्रतिशतको दरले लगाउने ।

८. वित्तिय सेवा

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | निजी क्षेत्रबाट संचालीत बाणिज्य बैंक, विदेशी विमा कम्पनी | १०,०००। |
| २ | बिकास बैंकहरु | ७०००।- |
| ३ | वित्तिय कम्पनीको मुख्य कार्यालय | ५०००। |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००।- |
| ५ | १ करोड सम्म कारोवार (वासलात) भएका सहकारी | १०००।- |
| ६ | १ करोड भन्दा माथि ३ करोड सम्म | २०००।- |
| ७ | ३ करोड देखि ५ करोड सम्म | ३०००।- |
| ८ | ५ करोड देखि भएका सहकारीहरु | ५०००। |

नोटः बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारित सहकारीका हकमा बार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नुपर्ने भएमा प्रति सिफारिस रु ५०० लाग्ने छ ।

९. स्वास्थ्य सेवा

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | १०००। |
| २ | ५ लाख देखि २० लाख सम्म | १५००।- |
| ३ | २० लाख देखि १ करोड सम्म | २०००। |
| ४ | १ करोड देखि ५ करोड सम्म | ५०००।- |
| ५ | ५ करोड देखि माथि | १००००।- |

१०. तालिम तथा प्रशिक्षण केन्द्रहरु

| सि.नं. | बिवरण | कर रकम |
|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ लगायत फोटोकपि समेत संचालन भई काम गर्नेहरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिईने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि । | १०००। |

११. मर्मत सेवा

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | टेक्टर, बस, ट्रक, हेवी ईक्युपमेन्ट, कार, जीप, सवारी डेन्टिङ मोटर पार्टस, मिलमेशिनरी, एयरकुलर, टायर रिसोलिङ आदि | १०००। |
| २ | रेडियो, घडि, टिभि, ईलेक्ट्रोनिक मर्मत, फ्रिज, हुडसिट, मोटरसाईकल मर्मत | १०००।- |
| ३ | ग्यांसचल्हो सेल्स, डाईनोमाईट, गाडीको पम्प, टायरट्युब पंचर, ग्यांस वल्डिङ, वक्सा मर्मत गर्ने, साईकल, लुगा सिउने मेशीन अन्य फोटोकपि ब्याग | १०००। |

१२. अन्य सेवा

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | बैदेशिक रोजगारिमा पठाउने संस्था, हाउजिङ कम्पनी | ५०००। |
| २ | उद्योग, संघसंस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | २०००।- |
| ३ | कलर ल्याव | १०००।- |
| ४ | घरजग्गा खरिद विक्री, रियल स्टेट | ५०००।- |
| ५ | विज्ञापन सेवा फोटो स्टुडियो | १०००।- |
| ६ | ब्युटी पार्लर, केश श्रृंगार, साइनवोर्ड, पेन्टिङ, सैलुन नर्सरी | १०००।- |
| ७ | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | १०००।- |
| ८ | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १५००।- |
| ९ | पंचेबाजा | निशुल्क |
| १० | ब्रास वैण्डबाजा | १०००।- |
| ११ | सित भण्डार | २०००।- |
| १२ | टेण्ट हाउस | १०००।- |
| १३ | हाफ क्याटरिङ | २०००।- |
| १४ | साइवर क्याफे | २०००।- |
| १५ | एग्रोभेट | १०००।- |
| १६ | कवाडी पसल थोक | ७०००।- |
| १७ | कवाडी पसल खुद्रा | ५०००।- |
| १८ | ढुवानी सेवा शाखा भएका कुरियर केरियर | ३०००।- |
| १९ | ढुवानी सेवा शाखा नभएको कुरियर केरियर | २०००।- |
| २० | खाना मात्र विक्री होटल | १०००।- |
| २२ | एक मेशिन राखी कपडा सिलाई गर्ने रु ५००। | थप १ मेशन बरावर रु १०० |
| २३ | पेट्रोलियम पदार्थ बेच्ने पम्प | न्युनतम रु ५००० प्रति मेशन थप रु ३००० |
| २४ | ग्यास विक्री डिलर | २०००।- |
| २५ | कांटा | १०००।- |
| २६ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना खुद्रा विक्रेता | १०००।- |
| २७ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना थोक विक्रेता | २०००।- |
| २८ | डिपार्टमेन्टल स्टोर रेष्टुरां बेकरी सहितको | ५०००।- |
| २९ | डिपार्टमेन्टल स्टोर | १००००।- |

पर्यटन शुल्कःगाउपालिका सरहद भित्र प्रबेश गर्ने प्रति ब्यक्ति शुल्क रु १५०

१३. क) उद्योग

चक उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उन्पादनमुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पाद, मिश्री उत्पाद, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उद्योग, धान, गहुं चिउरा मसाला तेल कुटानी पिसानी पेलानी उद्योग, घरेल कपडा बनाउने उद्योग, डेरी उत्पादन, चिनी उद्योग, डोरी डब्बा, वाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जा मुलक उद्योग चिया उद्योग ।

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | २०००। |
| २ | ५ लाख  देखि २० लाख सम्म | ३०००।- |
| ३ | २० लाख  देखि ५० लाख सम्म | ५०००। |
| ५ | ५० लाख भन्दा माथि | १००००।- |

ख) ग्रिल उद्योग

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | १०००। |
| २ | ५लाख  देखि २० लाख सम्मको | २०००।- |
| ३ | २० लाख देखि ५० लाख सम्मको | ३०००। |
| ४ | ५० लाख  भन्दा माथि | ५०००।- |

*उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस बापतको दस्तुर थप लाग्नेछ ।*

ग) उल्लेख नभएका अन्य उद्योगहरु

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | ट्युवलाईट उद्योग, ब्याट्रि उद्योग, प्लाष्टीकका सामानहरु उत्पादन गर्ने उद्योग, फ्याक्ट्री, साबुन उत्पादन गर्ने उद्योग आदि | २०००। |
| २ | वियर/वाईन फ्याक्ट्री, मदिर उत्पादन उद्योग, ल्युव उद्योग | २०,०००।- |

१४. अन्य वर्गीकरण नखुलेका व्यावसाय

| सि.नं. | बिवरण | पारित कर रकम |
|---|---|---|
| १ | आलु, प्याज, हरियो तरकारी, फलफुल थोक विक्री | ५००। |
| २ | खुद्रा तरकारी, फलफुल, पानपसल | ३००।- |

**नोट**

१) माथि उल्लेखित किसिम, उपभोक्ता शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा व्यावसाय र उद्योगको किसिम हेरी माथिको कर दरमा नघटनेगरि वार्षिक कर लिई व्यावसाय प्रमाणपत्र दिईनेछ ।

२) गाँउपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदि लाई बन्द गर्नुपर्दा आवश्यकता अनुसार निरिक्षण गरि विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरि व्यावसाय बन्द सिफारिस दिईनेछ । र सोको विवरण छुट्टै फायलमा खडा गरि अध्यावधिक गरि राखिने छ ।

३) व्यवसायिक फर्म नामसारी गर्दा तिन पुस्तेभित्र रु २५० र सो भन्दा बाहिर नामसारी गर्दा रु ५०० राजश्व लिई नामसारी गरिनेछ ।

४) गाँउपालिकालाई आवश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सन्दर्भमा) निजको ब्यावसायको कारोबारको आन्तरिक राजस्व कार्यालय वा अन्त शुल्क कार्यालयबाट कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ साथै गाँउपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरि निरीक्षण प्रतिवेदनको आधारमा कर तय गरिनेछ ।

५) यस कार्यालयलाई बुझाउनु तिर्नु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बांकी रहेमा गाँउपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका कुनै पनि सेवा प्रवाहबाट बंचित गर्न सकिनेछ ।

६) अन्य बांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रहि गाँउपालिकाले तोके बमोजिम हुनेछ जुन सामान्यतया कारोबारको स्तर हेरि जरिवाना तोकिएको छ ।

## १५) दैनिक हटिया (ब्यावसाय) कर :-

| सि.नं. | विषय शिर्षक | बिवरण | पारित कर रकम |
|---|---|---|---|
| १ | माछा, मासु बिक्री सम्बन्धि | खसी, बोका काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | २५ |
| | | सुगुर बंगुर काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | २५ |
| | | रांगा काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | ५० |
| | | कुखुरा काटी मासु बिक्री गर्ने पसलमा | २५ |
| | | माछा विक्री गर्ने पसलमा | २५ |

| सि.नं. | विषय शिर्षक | बिवरण | पारित कर रकम |
|---|---|---|---|
| २ | कपडा तथा जुत्ता चप्पल आदि संग सम्बन्धित पसल | रेडिमेड सामान राखी बिक्री गर्ने पसलमा | २५ |
| | | थान कपडा बिक्री गर्ने पसलमा | १५ |
| | | जुत्ता चप्पल बिक्री पसलमा सानो | १५ |
| | | जुत्ता चप्पल बिक्री पसलमा खुद्रा | १५ |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | १० |
| ३ | तरकारी तथा फलफुल सम्बन्धि | फलफुल, नास्ता ठेलामा राखी बिक्री गर्ने पसलमा | १० |
| | | साग सब्जी डोका वा डालामा राखी बिक्री गर्ने | १० |
| | | भारमा सब्जी आदि ल्याई बिक्री गर्ने | १० |
| | | सिजन अनुसारको सागसब्जी आलु | १० |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल सानो | १० |
| | | फलफुल सागसब्जी पसल अन्यमा | १० |
| | | फलफुल सागसब्जी प्रति ठेला | १० |
| | | फलफुल सागसब्जी बोरा । खुद्रा पसल | १० |
| ४ | खाधान्य संग सम्बन्धित | ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, च्यूरा आदिमा | १० |
| | | बिस्कुट, चकलेट, पाउरोटी, साबुन बिक्री गर्ने पसलमा | १० |
| | | मिठाई पसलमा | १० |
| | | चटपटी तथा बरफ | १० |
| | | चिया पसल | १० |
| | | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | १० |
| | | अदुवा, लसुन, खुर्सानी, कुचो नांग्लो बेच्नेसंग | १० |
| | | चामल दाल बिक्री गर्ने पसल | २० |
| | | बीउ बिजन बिक्री गर्ने पसलमा | १० |
| | | चकटी आदि बेच्नेसंग | १० |
| | | मकै पोली बेच्नेसंग | १० |
| | | जडीबुटी बिक्री गर्नेसंग | १० |
| | | किराना पसलमा | १० |
| | | अन्य छुटपुट पसलमा रु १ देखि रु १० सम्म पसल हेरी | |
| ५ | पशुपंक्षि जिउदा बिक्रीसंग सम्बन्धित | | |
| | | कुखुरा, हांस बिक्री गर्ने पसल प्रतिगोटा | १० |
| ६ | परम्परागत शिपसंग सम्बन्धित | जुत्ता चप्पल सिलाई गर्ने मोचि संग | १० |
| | | कपाल काटने सैलुनमा | १० |
| | | माटोको भांडा बेच्ने पसल ठूलोमा | १० |
| | | माटोको भांडा बेच्ने पसल सानोमा | १० |
| | | कुचो, कुनिया, खोगी डोको नांङ्लो बेच्ने | १० |
| | | | |
| ७ | अन्य ब्यवसाय संग सम्बन्धित | खटियामा सामान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | १० |
| | | फालमका औजार तथा समान बिक्री गर्ने पसलमा | १० |
| | | भाडाकुडा पसलमा | १० |
| | | फोटो फ्रेमिङ तथा बिक्री पसल | १० |
| | | लाइट, पेट्रोमेक्स, स्टोभ, छाता मर्मत पसलमा | १० |
| | | प्रचार प्रसार गरी ब्यावसाय गर्ने विज्ञापन सम्बन्धी पसलमा | २० |

# पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको तेस्रो गाउँसभा (१० आषाढ २०७५) मा उपाध्यक्ष सुनीता अधिकारीद्वारा प्रस्तुत एवं पारित आ.व. २०७५/०७६ को वार्षिक कार्यक्रम तथा बजेट

सभाका सम्मानीत अध्यक्ष तथा माननीय सदस्यहरु,

राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको निम्ति सार्वभौम नेपाली जनताले निर्णय गरेको नेपालको संविधान कार्यान्वयनका साथै आम नेपाली जनतको आर्थिक सम्वृद्धि समुन्नत नेपाल निर्णय अभियानको प्रारम्भिक चरणमा आज हामी पाँचपोखरी थाङ्गपाल गाउँपाल बासी हाम्रो गाउँपालिकाको ऐतिहासिक गाउँसभा सम्पन्न गर्ने कममा छौ । पालिका जनताका जनचाहना अनुरुपको शुसासन, जनहितका कार्य, विकास निर्माण र आर्थिक सम्वृद्धि प्राप्तिका लागी पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको राजनैतिक नेतृत्व सदैव प्रयत्नशील रहने कुरामा दुइमत छैन र उक्त लक्ष्य प्राप्तिका लागी सम्पूर्ण जनताका साथ, सुझाव, सल्लाह अनुरुप आफूलाई हाम्रो पालिकाका जनप्रतिनिधीहरु एंव कर्मचारी परिवारलाई सदा इमान्दारिताका साथ जनताका असल सेवकका रुपमा क्रियाशिल गराउने प्रतिवद्धता पनि व्यक्त गर्न चाहान्छु ।

संविधान घोषणा भई कार्यन्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मूलुक राजनीतिक स्थिरता तर्फ उन्मुख भएको छ । स्थानीयस्तरको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ । राजनीतिक प्रणाली प्रति जनताको भरोशा पुन:स्थापित हुन पुगेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपभोग गरी जन चाहाना पूरा गर्न अबको हाम्रो बाटो भनेको तिब्र आर्थिक विकास नै हो । आत्मनिर्भर स्वाधीन अर्थतन्त्र निर्माण, स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो भने समाजवाद उन्मूख अर्थतन्त्र हाम्रो गन्तब्य हो ।

हामीले गाउँपालिकाको नीति कार्यक्रम तथा बजेट निर्माण गरी रहँदा विकसित समुन्नत, समृद्धि र समतामुलक पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको भावी तस्विरलाई सामुन्नेमा राखेर आर्थिक नीति कार्यक्रम र आयोजनाहरु तय गरेका छौं । स्थानीय सरकार संचालन गर्ने र जनतालाई प्रत्यक्ष सरकारको अनुभुत गराउने उद्देश्य सहित अर्थतन्त्रको पुर्नसंरचना गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी उच्चदरको समन्यायिक आर्थिक बृद्धी गर्ने विकासको प्रतिफल सम्पूर्ण पाँचपोखरी थाङ्गपाल गाउँपालिकाका जनताले प्राप्त गने गरी साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने दिगो विकासका लागि पुर्वाधार निर्माण गर्ने, वडाहरुको सन्तुलित समान विकासलाई सघाउ पुर्‍याउने र पाँचपोखरी थाङ्गपाल गाउँपालिकाका जनताको अपनत्व र स्वामित्व हुने विकास आयोजनाहरुको कार्यन्यन गर्ने विषयमा आगामी बजेट केन्द्रित हुनेछ ।

१. आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु

क) उत्पादकत्व र उत्पादन वृद्धी गरी उच्च आर्थिक वृद्धि गर्ने,
ख) गाउँपालिका विकास निर्माणका लागि लगानी प्रवर्द्धन गर्ने,
ग) आर्थिक क्रियाकलापको विस्तार गर्ने, आय र रोजगारी वृद्धि गरि गरिवी न्युनिकरण गर्ने,
घ) अवसरको सृजना, क्षमता अभिवृद्धी र सामाजिक संरक्षण कायम गर्ने
ङ) पाँचपोखरी थाङपाल गाउँपालिकाका जनताहरुलाई गुणस्तरीय सामाजिक सेवाहरु उपलब्ध गराउने ।

२. प्राथमिकताका क्षेत्रहरु

क) सडक र स्थानीय पुर्वाधारहरु
ख) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई
ग) जनसहभागिता सहितको जल विद्युत उत्पादन
घ) कृषि, पर्यटन, उद्योग, वन र सिचाई
ङ) भूकम्पपछीको पुनर्निर्माण
च) सेवाप्रवाह, सुशासन र भ्रष्टचार नियन्त्रण
छ) युवा तथा खेलकूद
ज) लक्षित वर्ग

| आ.व. २०७५/७६ को आय ब्यय बिवरण | | | |
|---|---|---|---|
| आय | रकम रु.हजारमा | ब्यय | रकम रु.हजारमा |
| सघिंय सरकार | | | |
| सर्शत अनुदान | १०६,१०० | संघिय सरकारको सर्शत अनुदान खर्च | १०६,१०० |
| बित्तिय समानीकरण | ११६,६०० | कार्यालयको चालु खर्च | ५१,६००.०० |
| राजश्व बाडफाड | ६१,५६८ | पुजिगत खर्च | २१,२००.०० |
| सामाजिक सुरक्षाा | ४०,००० | वडास्तरिय पुर्वाधार तथा कार्यक्रम खर्च | २४,०००.०० |
| प्रदेश सरकार | | प्रदेश सरकारको सर्शत अनुदान खर्च | २२,५८० |
| सर्शत अनुदान | २२,५८० | सामाजिक सुरक्षा खर्च | ४०,००० |
| बित्तिय समानीकरण | ७,६४१ | पालिकास्तीर पुर्वाधार | १४८,००९.०० |
| समपुरक कोष | ५०,००० | | |
| | | | |
| गतको मौज्दात | ५,००० | | |
| आन्तरिक आय | ४,००० | | |
| जम्मा | ४१३,४८९.०० | जम्मा | ४१३,४८९.०० |

# चालु खर्चको बिवरण

| सि.न. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान (रू. हजारमा) |
|---|---|---|---|
| १. | २११११ | तलब | ६,५०० |
| २. | २११३१ | स्थानीय भत्ता | ७०० |
| ३. | २११३२ | मंहगी भत्ता | ६०० |
| ४. | २११४१ | पदाधिकारी अन्य भत्ता (बैठक भत्ता तथा बिबिध) | ६,००० |
| ५. | २११४२ | पदाधिकारी अन्य सुविधा | ६,००० |
| ६. | २११२१ | पोशाक | ५०० |
| ७. | २२१११ | पानी तथा बिजुली | १०० |
| ८. | २२११२ | संचार महसुल | १,००० |
| ९. | २१२१४ | कर्मचारी कल्याण कोष | ५०० |
| १०. | २८१४२ | घर भाडा | १,४०० |
| ११. | २८१४३ | सवारी साधन तथा अन्य भाडा | १,५०० |
| १२. | २२२११ | ईन्धिन पदाधिकारी | १,२०० |
| १३. | २२२१२ | ईन्धिन कार्यालय प्रयोजन | १,००० |
| १४. | २२२१३ | सवारी साधन मर्मत खर्च | ८०० |
| १५. | २२२१४ | बीमा तथा नविकरण खर्च | ७०० |
| १६. | २२२२१ | मेसिनरी तथा औजार र्मंमत सम्भार तथा संचालन खर्च | २०० |
| १७. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ९०० |
| १८. | २२३१५ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | ७०० |
| १९. | २२३१५ | प्रोफाइल छपाई खर्च | ५०० |
| २०. | २२३१५ | ऐन नियम तथा गााउ सभाको पुस्तक प्रकासन राजपत्र | ९०० |
| २१. | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ५०० |
| २२. | २२३१४ | इन्धन अन्य प्रयोजन | १०० |
| २३. | २२३२१ | सार्वजनिक सम्पतिको मर्मत खर्च | ५०० |

| सि. न. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान (रू. हजारमा) |
|---|---|---|---|
| २४. | २२४११ | सेवा र परामर्श खर्च | २,५०० |
| २५. | २२४१३ | करार सेवा शुल्क | १०० |
| २६. | २२४१२ | सुचना प्रणाली तथा सफटवेर संचालन खर्च | ४०० |
| २७. | २२४१९ | अन्य सेवा शुल्क | ५५०० |
| २८. | २२५११ | पदाधिकारी तथा कर्मचारी तालीम | ८०० |
| २९. | २२५२२ | सार्वजनिक सुनुवाइ खर्च | ८०० |
| ३०. | २२५२२ | कार्यक्रम खर्च | १,५०० |
| ३१. | २२५२९ | बिबिध कार्यक्रम खर्च | ५०० |
| ३२. | २२५२२ | गाउ सभा खर्च | १,००० |
| ३३. | २२६११ | अनुगमन मूल्याकंन खर्च | १,००० |
| ३४. | २२६१२ | भ्रमण खर्च | १,५०० |
| ३५. | २२६१४ | अन्य भ्रमण खर्च | १५० |
| ३६. | २२७११ | बिबिध खर्च | २,००० |
| ३७. | २२५११ | पत्रकार तालिम | २०० |
| ३८. | २२५११ | ह्योल्मो नागी स्योनुप छोक्पा | २०० |
| | | अन्य चालु कार्यक्रमहरु | |
| | | कृषि कार्यक्रम | |
| ३९. | २२५२२ | व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न मुला | १००.०० |
| ४०. | २२५२२ | व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न अलैची पकेट क्षेत्र | ५००.०० |
| ४१. | २२५२२ | व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न चिया | ७००.०० |
| ४२. | २२५२२ | व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न कफि | ५०.०० |
| ४३. | २२५२२ | व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न किवी | ५००.०० |
| ४४. | २२५२२ | व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न आलु | ३००.०० |
| ४५. | २२५२२ | घुम्ती तालिम | ५०.०० |
| ४६. | २२५२२ | कृषि औजार ६० प्रतिशत अनुदान वितरण कार्यक्रम | १६००.०० |
| ४७. | २२५२२ | प्लाष्टिक टनेल वितरण ५० प्रतिशत अनुदान | ४५०.०० |
| ४८. | २२५२२ | पालिकास्तरीय कृषि पर्दशनी | १५०.०० |
| ४९. | २२५२२ | तरकारी, मसलाबाली, फलफूल, एवं विरुवा वितरण | ६००.०० |
| ५०. | २२५२२ | कार्यक्रम अनुगमन खर्च | १००.०० |
| ५१. | २२५२२ | सामाग्री ढुवानी खर्च खर्च | १००.०० |
| ५२. | २२५२२ | गाउँपालिकाभित्र अर्गानिक तरकारी खेतीको तालिम कार्यक्रम | १५०.०० |
| ५३. | २२५२२ | आकस्मीक बाली संक्षण सेवा | ५०.०० |
| ५४. | २२५२२ | उन्नत धानको बिऊ ५० प्रतिशतमा अनुदानमा वितरण | ५०.०० |
| | | पशु तर्फ | |
| ५५. | २२५२२ | कुखुरा पालन तालिम | ५०.०० |
| ५६. | २२५२२ | बाख्रा व्यवसाय प्रवर्द्धन कार्यक्रम (२० माउ बाख्रा) | ३००.०० |
| ५७. | २२५२२ | युवा लक्षीत बाख्रा प्रवर्द्धन कार्यक्रम (४० माउ बाख्रा) | २००.०० |
| ५८. | २२५२२ | मासु पसल सुधार | ६०.०० |
| ५९. | २२५२२ | वंगुरपालन तालिम (गाउपालिकास्तर) | १५०.०० |
| ६०. | २२५२२ | भेडा/वाख्रापालन तालिम (गाउपालिकास्तर) | १५०.०० |
| ६१. | २२५२२ | खोर सूधार | ११०.०० |
| ६२. | २२५२२ | गाई /भैसी पालन तालिम | ५०.०० |
| ६३. | २२५२२ | बोका वितरण (१० माउ) | १६५.०० |

| सि. न. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान (रू. हजारमा) |
|---|---|---|---|
| ६४. | २२५२२ | याक चौंरी पालन पवर्द्धन कार्यक्रम अनुदान (१५ वटा) | २००.०० |
| ६५. | २२५२२ | भेडा तथा चौरीको लागि आ.प. तथा बा.प. नियन्त्रण कार्यक्रम | ५०.०० |
| ६६. | २२५२२ | समुहलाई खोप/आ.प तथा बा.प नियन्त्रण | ५०.०० |
| ६७. | २२५२२ | जै/भेच घांसको वीउ वितरण | ५०.०० |
| ६८. | २२५२२ | बहुवर्षे घांसको वीउ वितरण | १००.०० |
| ६९. | २२५२२ | पशु स्वास्थ शिविर | २००.०० |
| ७०. | २२५२२ | गोवर परिक्षण | २०.०० |
| ७१. | २२५२२ | पशु मेडिकल उपचार | ३००.०० |
| ७२. | २२५२२ | माईनर सर्जिकल उपचार | ५०.०० |
| ७३. | २२५२२ | गाईनोकोलोजिकल उपचार | ८०.०० |
| ७४. | २२५२२ | रोग निरोधक खोप लगाउने | १००.०० |
| ७५. | २२५२२ | पशु प्रजनन्/कृ.ग. तथा अन्य विविध तालिम | ५०.०० |
| ७६. | २२५२२ | पशुपंक्षि वीमा सम्बन्धी अभिमुखिकरण | ५०.०० |
| ७७. | २२५२२ | प्रचार प्रसार सामाग्री तयार,होर्डिङवोड आदी | ५०.०० |
| ७८. | २२५२२ | पशुपालन सम्बन्धी दिवसहरु मनाउने | ३०.०० |
| ७९. | २२५२२ | सबै वडामा पशू तथा पंक्षी पालन सम्बन्धी समूह समिति गठन | ११०.०० |
| ८०. | २२५२२ | कार्यक्रम ढवानी खर्च | १००.०० |
| ८१. | २२५२२ | सम्पुर्ण कार्यकमको अनुगमन मुल्यांकन | १००.०० |
| ८२. | २२५२२ | कार्यालय संचालन खर्च | १००.०० |
| | | **स्वास्थ्य** | |
| ८३. | २२५२२ | ७० बर्ष माथिका बृद्धबृद्धालाई बृद्धभत्ता वितरणको दिनमा निःशुल्क स्वास्थ्य परीक्षण | २८०.०० |
| ८४. | २२५२२ | महिला स्वयंसेविकाहरुका लागि प्रोत्साहन भत्ता सहित स्वयंसेविका दिवसका दिन पुरस्कार कार्यक्रम | ५५०.०० |
| ८५. | २२५२२ | जुम्ल्याहा बच्चा जन्माउने आमालाई पोषक तत्व व्यवस्थापनका लागि एकमुष्ट रु. १०,०००।- सम्म आर्थिक सहायता | ३०.०० |
| ८६. | २२५२२ | गर्भवती महिला नियमित जाँच गराई स्वास्थ्य संस्थामा सुत्केरी गराउनेलाई एक क्रेट अण्डा निःशुल्क वितरण | १५०.०० |
| ८७. | २२५२२ | स्वास्थ्य चौकीहरुको व्यवस्थापन अनुगमन व्यवस्था | १००.०० |
| ८८. | २२५२२ | वर्षमा २ पटक वशेषज्ञ डाक्टरहरु सहित स्वास्थ्य शिविर (आँखा, दाँत, प्रजनन, महिला सम्बन्धी लगायत) सञ्चालन | ७००.०० |
| ८९. | २२५२२ | स्थानीय जडिबुटी र ज्ञानलाई प्रबर्द्धन | ५०.०० |
| ९०. | २२५२२ | प्याथोलोजी ल्याबका सामाग्री खरीद | १००.०० |
| ९१. | २२५२२ | विद्यालय स्वास्थ्य कार्यक्रम | १००.०० |
| ९२. | २२५२२ | टि.बी रोगी पत्ता लगाउन माइक्रोस्कपिक ल्याब | १००.०० |
| ९३. | २२५२२ | स्वास्थ्य प्रमुखहरुको नियमित मासिक समिक्षा खर्च | ३००.०० |
| ९४. | २२५२२ | खोप तथा ढुवानी खर्च | १४०.०० |
| ९५. | २२५२२ | स्वास्थ्य आमाहरुको समुहको पुर्नजागरण | १००.०० |
| ९६. | २२५२२ | वर्थिङ अ.न.मी. करार | ८५०.०० |
| ९७. | २२५२२ | खुडे जन्मिएका बालबालिकाहरु अप्रेशन गर्दा अस्पतालसम्मको यातायात खर्च | ५०.०० |
| ९८. | २७२१३ | औषधी खरिद | ९००.०० |
| | | **शिक्षा** | |
| ९९. | २५३११ | नमुना विद्यालय विशेष अनुदान | ३९५.०० |

| सि. न. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान (रू. हजारमा) |
|---|---|---|---|
| १००. | २२५२२ | विद्यार्थीहरुको व्यक्तित्व विकासको लागी रचनात्मक कार्यक्रम | ८०.०० |
| १०१. | २५३११ | आधारभूत तहसम्म मातृभाषा कक्षा/गोन्पा शिक्षा सञ्चालन | ५३६.०० |
| १०२. | २२५२२ | आधारभुत परिक्षा संचालन | ८०.०० |
| १०३. | २२६११ | शैक्षिक अनुगमन | १००.०० |
| १०४. | २२५२२ | उत्कृष्ट नतिजा कक्षा ८ पुरस्कार | ५०.०० |
| १०५. | २५३११ | स्वमसेवक (TFN ) अनुदान | १३२६.०० |
| १०६. | २५३११ | वालबिकास केन्द्र अनुदान | ४६८.०० |
| | | शैक्षिक गुणस्तर अभिबृद्धि गनृका लागि शैक्षिक अनुदान | |
| १०७. | २५३११ | श्री भीमविद्याश्रम माध्यमिक विद्यालय, | ५२०.०० |
| १०८. | २५३११ | श्री जनहित आधारभूत विद्यालय, | १९५.०० |
| १०९. | २५३११ | श्री चण्डिका माध्यमिक विद्यालय, | ७१५.०० |
| ११०. | २५३११ | श्री धङ्जाला आधारभूत विद्यालय, | १९५.०० |
| १११. | २५३११ | श्री भोताङदेवी माध्यमिक विद्यालय, | २६०.०० |
| ११२. | २५३११ | श्री चिलाउने माध्यमिक विद्यालय, | २६०.०० |
| ११३. | २५३११ | श्री रैथाने माध्यमिक विद्यालय, | २६०.०० |
| ११४. | २५३११ | श्री टालटुलेश्वरी आधारभूत विद्यालय, | ३९०.०० |
| ११५. | २५३११ | श्री सातकन्यामति माध्यमिक विद्यालय, | २६०.०० |
| ११६. | २५३११ | श्री गोल्मेश्वरी आधारभूत विद्यालय, | ३९०.०० |
| ११७. | २५३११ | श्री भोटेनाम्लाङ माध्यमिक विद्यालय, | ७१५.०० |
| ११८. | २५३११ | श्री सरस्वती आधारभूत विद्यालय, | १९५.०० |
| ११९. | २५३११ | श्री लागार्चे माध्यमिक विद्यालय, | ४५५.०० |
| १२०. | २५३११ | श्री नौलिङ्गेश्वरी आधारभूत विद्यालय, | १९५.०० |
| १२१. | २५३११ | श्री गणेश आधारभूत विद्यालय, | १९५.०० |
| १२२. | २५३११ | श्री सातकन्यादेवी आधारभूत विद्यालय, | १३०.०० |
| १२३. | २५३११ | श्री आधारभूत विद्यालय, | १९५.०० |
| १२४. | २२५२२ | पालिकाका सडकलाई हरियाली सडक (वृक्षारोपण) | ५००.०० |
| १२५. | २२५२२ | जलवायु परिवर्तनसँग जनचेतना कार्यक्रम | ३००.०० |
| १२६. | २२५२२ | नर्सरी ब्यवस्थापन | ४००.०० |
| १२७. | २२५२२ | वनसँग सम्बन्धि सचेतना कार्यक्रम | ३००.०० |
| १२८. | २७२१२ | विपद्व्यवस्थापन | १०००.०० |
| १२९. | २७२१२ | क्षेत्रपालेश्वरी कृषि प्राविधिक विद्यालय शैक्षिक अनुदान | ३००.०० |
| | | **आर्थिक विकास** | |
| १३०. | २२५२२ | लघु उद्यम कार्यक्रम सञ्चालन | ७००.०० |
| १३१. | २२५२२ | बैदेशिक रोजगारमा जाने युवा तथा युवतीहरुलाई परामर्श कार्यत्रक्रम | १००.०० |
| १३२. | २२५२२ | पालिका स्तरीय सहकारी सम्बन्धि कार्यक्रम | ५००.०० |
| | | **संस्कृति तथा पर्यटन** | |
| १३३. | २२५२२ | पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई पर्यटन प्रबर्द्धनको गन्तव्यको रुपमा विकास गर्न एक पर्यटन बोर्डको गठनसँग सम्बन्धित खर्चहरु | १००.०० |
| १३४. | २२५२२ | पालिका स्तरीय होमस्टे ब्यवस्थापन सहयोग | २००.०० |
| १३५. | २२५२२ | पर्यटन प्रबर्द्धनको लागि पाँचपोखरी म्याराथुन | ८००.०० |
| १३६. | २२५२२ | साँस्कृतिक पहिचान झल्काउने रंग अनुदान कार्यक्रम | ९००.०० |
| १३७. | २२५२२ | पाँचपोखरी संरक्षण क्षेत्र कार्यालय ब्यवस्थापन | १००.०० |
| १३८. | २२५२२ | नागी थाम डाडा संरक्षण क्षेत्र कार्यालय ब्यवस्थापन | १००.०० |

| सि. न. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान (रू. हजारमा) |
|---|---|---|---|
| १३९. | २२५२२ | चोचो डाडा संरक्षण क्षेत्र कार्यालय व्यवस्थापन | १००.०० |
| १४०. | २७२११ | छात्रवृत्ति कार्यक्रम | १०००.०० |
| | | **यूवा तथा खेलकुद** | |
| १४१. | २२५२२ | गाउँपालिका स्तरमा खेलकुदको विकास, विस्तार गर्न पालिका स्तरमा खेलकूद परिषद्को कार्यालय स्थापना | १००.०० |
| १४२. | २२५२२ | राष्टिय तथा अन्तर्राष्टिय खेलमा पदक बिजेता खेलाडीहरुलाई विशष सम्मानका साथ खेलाडीलाइ प्रोत्साहन स्वरुप आर्थिक सहयोग | ३००.०० |
| १४३. | २२५२२ | युवाहरुलाइ सकारात्मक सोच र सुनौलो भबिश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलिङ कार्यक्रम | ३००.०० |
| १४४. | २२५२२ | अध्यक्ष कप रनिङशिल कप आयोजना कार्यक्रम | ६००.०० |
| १४५. | २२५११ | एकीकृत सम्पत्ति कर तालिम संचालन | ३००.०० |
| १४६. | २२३१५ | राजस्व सम्बन्धि जनचेतना रेडियो, पत्रपत्रिका, व्यानर, सूचना | २००.०० |
| १४७. | २२५२२ | पाँचपोखरी युवा समूह रचनात्मक कार्यक्रम | ३००.०० |
| | | **सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन** | |
| १४८. | २२५२२ | महिला | १५००.०० |
| १४९. | २२५२२ | आदिवासि जनजाती | १५००.०० |
| १५०. | २२५२२ | दलित | ७००.०० |
| १५१. | २२५२२ | जेष्ठ नागरिक | ३००.०० |
| १५२. | २२५२२ | वालवालिका | ५००.०० |
| १५३. | २२५२२ | अपाङ्ग | ५००.०० |
| १५४. | २७१११ | पूर्ण अपाङ्गता जिवन निर्वाह भत्ता | २००.०० |
| | | **कानून तथा न्याय सम्पादन तथा अन्य** | |
| १५५. | २२५२२ | मेलमिलाप केन्द्र | ५००.०० |
| १५६. | २२५२२ | सुधारिएको चुलो | ७००.०० |
| | | **वडागत अन्य कार्यक्रमहरु** | |
| १५७. | २२५२२ | आर्थिक विकास (कृषि, सहकारी तथा पर्यटन) - लागर्चे | ५००.०० |
| १५८. | २२५२२ | कृषि नगदेबाली प्रबर्द्धन कार्यक्रम - थाङ्गपालकोट | १००.०० |
| | | कूल जम्मा | **८८,९८५।००** |

# पूँजीगत खर्चको बिवरण

| सि.नं. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान(रू.१०००मा) |
|---|---|---|---|
| १. | ३१११५ | फर्निचर तथा फिक्चर्स | २४००.०० |
| २. | ३१११५ | पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई पर्यटन बोर्डको कार्यालय व्यवस्थापन (फर्निचर) | ४००.०० |
| ३. | ३१११५ | पाँचपोखरी संरक्षण क्षेत्र कार्यालय ब्यवस्थापन (फर्निचर तथा फिक्चर्स) | ३००.०० |
| ४. | ३१११५ | नागी थाम डाडा संरक्षण क्षेत्र ब्यवस्थापन (फर्निचर तथा फिक्चर्स) | ३००.०० |
| ५. | ३१११५ | चोचो डाडा संरक्षण क्षेत्र ब्यवस्थापन (फर्निचर तथा फिक्चर्स) | ३००.०० |
| ६. | ३१११५ | खेलकूद परिषद्को कार्यालय ब्यवस्थापन खर्च (फर्निचर तथा फिक्चर्स) | ४००.०० |
| ७. | ३१११५ | न्यायिक समितिको कार्यालय व्यवस्थापन (फर्निचर तथा फिक्चर्स) | ३००.०० |
| ८. | ३११२२ | मेशिनरी तथा औजार (गा.पा.) | २,४००.०० |
| ९. | ३११२२ | न्यायिक समितिको कार्यालय व्यवस्थापन (मेशिनरी) | २००.०० |
| १०. | ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पति प्राप्ती खर्च | १,५००.०० |
| ११. | ३११३२ | मोबाइल एप्स निर्माया | ३००.०० |
| १२. | ३११७१ | पुजिगत सुधार खर्च सार्वजनिक निर्माण | २,३००.०० |
| १३. | ३११७१ | रैथानेश्वरी मन्दिर ब्यवस्थापन (पूँजीगत सुधार) | ४००.०० |
| १४. | ३११७१ | हाटबजार ब्यवस्थापन भोताङ | २००.०० |
| १५. | ३११७२ | नागी थाम डाँडामा पाँचपोखरी बुद्ध पार्क DPR तयारी र गुरुयोजना निर्माण | १३००.०० |
| १६. | ३११७२ | सडक डिपीआर | २०००.०० |
| | | भवन निर्माण | |
| १७. | ३१११२ | भवन निर्माण (६०/४०) | ३२००.०० |
| १८. | ३१११२ | गाउापालिकाको संरचना निर्माण | ७,०००।०० |
| १९. | ३१११२ | महायान बुद्धिष्टको भवन निर्माण (बाँसखर्क) | १०००.०० |
| २०. | ३१११२ | थाङ्गपालधाप सामुदायिक भवन (साविक ४) | १०००.०० |
| २१. | ३१११२ | गुरु खण्डु ल्हखङ निर्माण, ओखेनी | ६००.०० |
| २२. | ३१११२ | थाङ्गपालकोट सामुदायिक भवन (साविक २,४,५र ८) | १२००.०० |
| २३. | ३१११२ | गाउँपालिकाको पुर्वाधार बिकास | १८००.०० |
| २४. | ३१११२ | बस्नेत टोल सामुदायिक भवन निर्माण | ४००.०० |
| २५. | ३१११२ | मानेखर्क चैत्य निर्माण | ७००.०० |
| | | विद्युत संरचना निर्माण | |
| २६. | ३११५३ | हाइड्रोपावर निर्माण | १२०००.०० |
| २७. | ३११५३ | विद्युत विस्तार | २०००.०० |
| २८. | ३११५३ | विद्युत मर्मत संभार कोष | १५००.०० |
| २९. | ३११५३ | सौर्य सडक बत्ति पालिकास्तर | २०००.०० |
| | | सडक तथा पुल निर्माण | |
| ३०. | ३११५१ | सडक (६०/४०) | ३६००.०० |
| ३१. | ३११५१ | पाँचपोखरी पर्यटन मार्ग (मेलम्ची-भोताङ) मर्मत | ८००.०० |
| ३२. | ३११५१ | आमा याङ्री पर्यटन मार्ग (बाँसखर्क-बरुवा- याङ्री) स्तरोन्नती | ८०००.०० |
| ३३. | ३११५१ | मानेखर्क अस्पतालदेखि नागीडाँडासम्मको सडकलाई फराकिलो बनाई व्यवस्थित पर्यटन मार्ग | ६००.०० |

| सि. नं. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान(रू.१०००मा) |
|---|---|---|---|
| ३४. | ३११५१ | गुन्सा-च्योच्यो डाँडासम्मको सडकलाई फराकिलो बनाई व्यवस्थित पर्यटनमार्ग | ७००.०० |
| ३५. | ३११५१ | गाउँपालिका केन्द्र देखी गुन्सा हाडिखोला सम्म सडक स्तरोन्नति) | ४५००.०० |
| ३६. | ३११५१ | सानो गुन्सा देखी भोटेनाम्लाङ्ग सडक स्तरोन्नती फराकिलो | २५००.०० |
| ३७. | ३११५१ | छिम्ती ग्याल्सिम सडक | २०००.०० |
| ३८. | ३११५१ | भोटेनाम्लाङ्ग वडा कार्यालय देखी गोब्रे सडक स्तरोन्नती | १५००.०० |
| ३९. | ३११५१ | लाँगर्चे मा.वि देखी आखेनी सडक | २०००.०० |
| ४०. | ३११५१ | चिण्डे जतन सडक स्तरोन्नती फराकिलो | १२००.०० |
| ४१. | ३११५१ | बरुवा वडा कार्यालयदेखी याङ्री खोर सडक | १०००.०० |
| ४२. | ३११५१ | सिमपानी महांकाल सडक | १०००.०० |
| ४३. | ३११५१ | याङ्ग्री डाले वाङदाङ गाङखर्क लखाङ्ग घ्याङ सडक | १५००.०० |
| ४४. | ३११५१ | केरावारी सडक | ५००.०० |
| ४५. | ३११५१ | फ्याफुल्ला चिलाउने सडक | ५००.०० |
| ४६. | ३११५१ | ढाँडखर्क मानेखर्क सडक | ५००.०० |
| ४७. | ३११५१ | गाउँपालिका जाने वैकल्पिक मार्ग | ५००.०० |
| ४८. | ३११५१ | गुन्सा रिङ्ग रोड पा.था.गा.पा ५ | २०००.०० |
| ४९. | ३११५१ | लप्से हुदै भोटेनाम्लाङ्ग जोड्ने सडक | १५००.०० |
| ५०. | ३११५१ | सियाँले हुँदै नेवार टोल जोड्ने सडक | ३००.०० |
| ५१. | ३११५१ | बोलगाउँ याग्री सडक | १०००.०० |
| ५२. | ३११५१ | ढाँडखर्क छेम्बल घट्ट  जोड्ने सडक | ७००.०० |
| ५३. | ३११५१ | मानेखर्क मर्किनी सडक | २००.०० |
| ५४. | ३११५१ | हाडिखोला सोति बगर झो.पु | ३००.०० |
| ५५. | ३११५१ | पालघ्याङ मोटर बाटो | ५००.०० |
| ५६. | ३११५१ | लेखर्क थाम डाँडा सडक | ६००.०० |
| ५७. | ३११५१ | गोर्पाङ्ग कृषि सडक | ५००.०० |
| ५८. | ३११५१ | काफ्ले सडक | ३००.०० |
| ५९. | ३११५१ | हाँडीखोला सिँगारगाउँ मानेखर्क हुँदै भोताङ्ग सडक स्तरोन्नती फराकिलो | ४०००.०० |
| ६०. | ३११५१ | गणेश आ.वि देखि मिजार टोल देवीथान मो.बा | ५००.०० |
| ६१. | ३११५१ | पुल तथा झोलुङ्गे पुल मर्मत सम्भार | ५००.०० |
| ६२. | ३११५१ | खाल्डेखोला-तिपेनी-धाप-भोताङ मोटरबाटो | ७०९.०० |
| ६३. | ३११५१ | तिपेनी-भोटेनाम्लाङ सडक मर्मत | ३००.०० |
| ६४. | ३११५१ | लागर्चे सडक मर्मत | ३००.०० |
| | | खानेपानी संरचना निर्माण | |
| ६५. | ३११५६ | ग्याल्दर ग्याङ खानेपानी आयोजना वडा न. ६ | २००.०० |
| ६६. | ३११५६ | गुफा डाडा खानेपानी आयोजना वडा न. ६ | ८००.०० |
| ६७. | ३११५६ | चोचो डाडा खानेपानी योजना | ५००.०० |
| ६८. | ३११५६ | खानेपानी योजना मर्मत सम्भार | २००.०० |
| | | सिंचाई संरचना तर्फ | |
| ६९. | ३११५५ | सिंचाई | २४००.०० |
| ७०. | ३११५५ | गुठकुलो मर्मत सम्भार | १००.०० |

| सि. नं. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान(रू.१०००मा) |
|---|---|---|---|
| | | सरसफाइ संरचना निर्माण | |
| ७१. | ३११५८ | ढल निकास व्यवस्थापन | ७००.०० |
| ७२. | ३११५८ | बोलगाउँ ढल निकास व्यवस्थापन | ३००.०० |
| ७३. | ३११५८ | पालिका स्तरीय सरसफाई | १०००.०० |
| | | तटबन्ध तथा बाँध निर्माण | |
| ७४. | ३११५४ | यांग्री लघु जलबिधुत परियोजना पहिरो नियन्त्रण | ३००.०० |
| ७५. | ३११५४ | लागार्चे मा.बि. पहिरो नियन्त्रण | ४००.०० |
| ७६. | ३११५४ | कागचेत टोल पहिरो नियन्त्रण | ३००.०० |
| ७७. | ३११५४ | चिलाउने मा.वि. पहिरो नियन्त्रण | ३६५.०० |
| | | जग्गा विकास कार्य | |
| ७८. | ३१११४ | गुन्सा खेल मैदान निर्माण | ६५०.०० |
| ७९. | ३१११४ | यार्सा खेल मैदान निर्माण | ६००.०० |
| | | अन्य सार्वजनिक निर्माण | |
| ८०. | ३११५९ | खाल्डेखोलामा स्वागतद्धार निर्माण (पक्की) | १७००.०० |
| | | सवारी साधन खरिद | |
| ८१. | ३११२१ | मोटर साइकल | ५०००.०० |
| ८२. | ३११२१ | गाडि | ९०००.०० |
| ८३. | ३११२१ | स्काभेटर, डोजर, ट्रक | ११४००.०० |
| | | **वडागत कार्यक्रमहरू** | |
| | ३११५१ | सडक | |
| ८४. | | यातायात (चिण्डे मन्दिगाउँ भिमविद्याश्रम मा.वि, तिपेनी घुम्ले वडा कार्यालय, आरु डाँडा, रातो डाँडा, कोर्पा डाँडा) - बाँसखर्क | ७००.०० |
| ८५. | | टासीवा रिर्पाक मोटरबाटो साविक वडा नं. १ - बरुवा | ५००.०० |
| ८६. | | सिमपानी छहरे डाँडा मोटरबाटो साविक ५ - बरुवा | ५००.०० |
| ८७. | | सेर्माथाङ्ग साल्मे मोटरबाटो साविक ५ र ७ - बरुवा | ६००.०० |
| ८८. | | सडक मर्मत- भोताङ्ग | ८००.०० |
| ८९. | | घट्टेडाँडा रैथाने खलंगा हुदै नागी डाँडा चिलाउने सडक निर्माण - थाङ्गपालकोट | ६००.०० |
| ९०. | | मस्युङ च्यान डाँडा हुदै च्यो च्यो डाँडा मोटरबाटो - गुन्सा | ६००.०० |
| ९१. | | प्यारगाङ मोटरबाटो मर्मत तथा सुधार - गुन्सा | ६००.०० |
| ९२. | | सिमखेत गैरीटोल गोलेटोल मोटर बाटो - थाङ्गपालधाप | ५००.०० |
| ९३. | | ठकुरीटोल - लेखर्क शाखा सडक मर्मत - थाङ्गपालधाप | ५००.०० |
| ९४. | | थाल डाँडा भोटेनाम्लाङ्ग मा वि छितिस्युङ खाती टोल लोस्याङ्गटोल ठुलो च्यान मोटरबाटो - भोटेनाम्लाङ्ग | १५००.०० |
| ९५. | | खाल्डे ओखेनी मो.बा. - लागर्चे | १०००.०० |
| ९६. | | तिपेनी सोले कोटगाउँ लप्से मोटरबाटो - लागर्चे | १०००.०० |
| ९७. | | स्वास्थ्य | |
| ९८. | | स्वास्थ्य ( गाउँघर क्लिनिक साविक वडा नं. १,२,३ र ४ ) शिक्षा (भिम विद्याश्रम मा.वि, जनहित आ.वि, बाल विकास आ.वि) - बाँसखर्क | ६००.०० |
| ९९. | | स्वास्थ्य कार्यालय व्यवस्थापन- भोताङ | ५००.०० |
| १००. | | सामाजिक विकास (स्वास्थ्य) - लागर्चे | ५००.०० |
| | ३१११२ | भवन निर्माण | |

| सि. नं. | संकेत | खर्च शिर्षक | आ.व २०७५।७६ को अनुमान(रू.१०००मा) |
|---|---|---|---|
| १०१. | | कोभ्रङ पाहुना घर निर्माण साविक ३ - बरुवा | ५००.०० |
| १०२. | | सामुदायिक भवन निर्माण - भोताङ्ग | ७००.०० |
| १०३. | | साविक वडा नं. २ पाहुना घर निर्माण - थाङ्गपालकोट | ५००.०० |
| १०४. | | सिंगार गाउँ पाहुना भर निर्माण - थाङ्गपालकोट | ५००.०० |
| १०५. | | चिलाउने गाउँ पाहुना घर निर्माण - थाङ्गपालकोट | ५००.०० |
| १०६. | | च्यान डाँडा पाटि निर्माण - गुन्सा | ६००.०० |
| १०७. | | मसानेपाटि निर्माण योजना - थाङ्गपालधाप | ५००.०० |
| १०८. | | ठुलो चिहान पाटि निर्माण - भोटेनाम्लाङ्ग | ५००.०० |
| १०९. | | तिपेनी सामुदायिक भवन - भोटेनाम्लाङ्ग | ५००.०० |
| ११०. | | साँस्कृतिक प्रवर्द्धन (महाकाली मन्दिर, चिण्डेश्वरी मन्दिर) - बाँसखर्क | ५००.०० |
| १११. | | साँस्कृतिक प्रवर्द्धन (अधिकारी टोल मन्दिर) - थाङ्गपालकोट | ४००.०० |
| | ३११५४ | तटबन्ध तथा बाँध निर्माण | |
| ११२. | | भोटेनाम्लाङ्ग मावि पहिरो नियन्त्रण | ५००.०० |
| ११३. | | वडा गत ढलान साघु मर्मत सुधार (छेपारे खोला-२, छयुस्युङ खोल्सा -१) - गुन्सा | ६००.०० |
| | ३११५५ | सिंचाइ संरचना निर्माण | |
| ११४. | | चिसापानी पुल भन्ज्याङ्ग टार तल्लोबारी सिंचाई योजना - थाङ्गपालधाप | ५००.०० |
| ११५. | | सिरान कुलो मर्मत साविक ६ र ७ - थाङ्गपालधाप | ५००.०० |
| ११६. | | सोतीबगर हाडिखोला सिंचाई कुलो मर्मत ८ र ५ - थाङ्गपालधाप | ५००.०० |
| | ३११५६ | खानेपानी संरचना निर्माण | |
| ११७. | | खानेपानी (जनथला खानेपानी, जन्तरेटोल खा.पा)- बाँसखर्क | १२००.०० |
| ११८. | | सामाजिक विकास (१ घर १ धारा खा.पा, कार्यालय व्यवस्थापन)- थाङ्गपालकोट | २००.०० |
| | ३११५९ | अन्य सार्वजनिक निर्माण | |
| ११९. | | छ्युदोक्प सुधारीएको घट्ट तथा काठमिल - बरुवा | ३००.०० |
| १२०. | | वडा कार्यालय घेराबार - थाङ्गपालकोट | २००.०० |
| | ३११७२ | डिपिआर | |
| १२१. | | वडा गत शाखा सडक, ताप्के झरना तथा सिंचाई (DPR) – गुन्सा | ६००.०० |
| | ३११५८ | सरसफाइ संरचना निर्माण | |
| १२२. | | बोल गाउँ ढल विकास व्यवस्थापन - बरुवा | ६००.०० |
| | ३११५३ | विद्युत संरचना निर्माण | |
| १२३. | | विद्युत नयाँ लाईन विस्तार - भोताङ | १०००.०० |
| १२४. | | कूल जम्मा | **१५५८२४।00** |

सभाका माननीय अध्यक्षज्यू, एवं माननीय सदस्यज्यूहरु

तेस्रो गाँउसभालाई सफलतापूर्वक सम्पन्न गराउनका लागि गाउँसभाका सम्पूर्ण माननीय सदस्यज्यूहरु, राजश्व परामर्श समिति, राजश्व प्रक्षेपण श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, कार्यकम तथा बजेट तर्जुमा समिति, बिषयगत समितीका पदाधिकारीहरु तथा सम्पूर्ण बजेट निमार्ण गर्ने कार्यमा सामेल भई सहयोग गर्ने गाँउ क्षेत्रमा कृयाशिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, लक्षित समूहका संगठित संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षाक, बुद्धिजिवी, पत्रकार, समाजसेवी तथा गाँउपालिकाका कर्मचारी लगायत सम्पूर्ण गाँउबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

# पाँचपोखरी थाङ्पाल गाउँपालिकाको तेस्रो गाउँसभाबाट गरिएका निर्णयहरु

## निर्णयका आधारहरु

क) वडा समितिहरुले पेश गरेका मागहरु ।
ख) बजेट तर्जुमा समितिबाट पेश भएका योजनाहरु ।
ग) स्थानीय विकास साझेदार र सरोकारवालाले पेश गरेका मागहरु
घ) राजनैतिक दल तथा अन्य संघसंस्थाबाट प्राप्त मागहरु ।
ङ) राष्ट्रिय तथा जिल्लागत प्राथमिकताका विषयहरु ।
च) पालिका प्राथामिकताका विषयहरु ।
छ) उल्लेखित मागहरुको आधारमा प्रचलित कानुन बमोजिम सिफारिस गरिएका विषयहरु ।

## निर्णय नं.१

पाँचपोखरी थाङपाल गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्नका लागि मिति २०७५ साल जेठ २६ गते देखी असार ३ गतेसम्म भएको वडा भेलाहरु, र वडा समितिबाट प्राथमिकिकरण भई आएका मागहरु, गैरसरकारी संस्थासँग भएका छलफहरु, राजश्व परामर्श समितिले स्वीकृत एवम सिफारीस गरेको राजश्वका दर,वजेट प्रक्षेपण तथा वजेट सिमा निर्धारण समिति तथा वजेट तर्जुमा समितिले पेश गरेको आ.व २०७५।०७६ को नीति कार्यक्रम तथा वजेट पारित गर्ने निर्णय गरियो ।

## निर्णय न.२

पाँचपोखरी थाङपाल गाँउपालिकाले  बनाएका नीति तथा कार्यक्रमहरु पारित गर्ने निर्णय गरीयो ।

## निर्णय नं.३

पाँचपोखरी थाङपाल गाँउपालिकाका आ.व. २०७५/०७६ को लागि प्रस्तावित आय व्यय र कार्यक्रम पारित गर्ने निर्णय गरीयो । साथै उक्त आय व्ययलाई अनूसूचीहरुमा समावेश गर्ने निर्णय गरीयो ।

## निर्णय नं.४

पालिकाका फोहोर मैला व्यवस्था गर्ने कार्य सार्वजनिक नीजि साझेदारीका माध्यमबाट संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं.५

वडा समितिबाट माग भई आएका यसै सभाले अनुसूचीमा समावेश गरेका तर बजेटका प्राथमिकतामा पर्न नसकेका योजना र कार्यकमलाई गाँउपालिकामा स्रोत उपलब्ध भएमा गर्ने वा परिमार्जित रुपमा गर्ने गरी कार्यकमको रुपमा समावेश गर्ने र अन्य विकासका साझेदार निकायहरुसँग समेत साझेदारी गर्ने ठूला योजनाहरु सघिय सरकार र प्रदेश सरकारमा देहायका योजनाहरु माग गर्ने निर्णय गरियो ।
देहायहरु

## निर्णय नं.६

गाँउपालिकाले तयार गरी पेश गरेका देहायका नियमावली प्रतिवेदन, निर्देशिका र कार्यविधीलाई लागु गर्ने निर्णय गरियो ।

१) एकीकृत सम्पतिकर व्यवस्थापन कार्यविधि, २०७५
२) न्यायिक समिति सम्बन्धि बिधेयक
३) अनाथ तथा जोखिम युक्त वालवालिकालाई सामाजिक सुरक्षा कार्यक्रम ( संचालन तथा कार्यबिधि) बिधेयक २०७५
४) अर्थ सम्बन्धि बिधेयक २०७५
५) बिनियोजन बिधेयक २०७५
६) स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधि २०७५

## निर्णय नं.७

यस गाँउपालिका भित्र रहेको ऐलानी पर्ति जग्गाका लगत अध्यावधिक गर्दै  अतिकमित जग्गा फिर्ता लिई संरक्षण गर्ने र उक्त जग्गाहरुमा वृक्षारोपण गर्ने एवं पार्क, उद्यान निर्माण तथा जग्गाको प्रकृति हेरी उपयोग गर्ने कार्यलाई साझेदारी रुपमा अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.८

उपभोक्ता समितिबाट काम गर्दा बैंक मार्फत मात्र भुक्तानी दिने, आयोजना अभिलेख खाता व्यवस्थित गर्ने, आयोजना संचालन गर्नु पुर्व लागत इष्टिमेट तथा अन्य बिषयमा अभिमुखिकरण गरी मात्र कार्य गर्न कार्यदेश दिने निर्णय गरियो ।

निर्णय नं.९

गाँउपालिकाले आ.व.२०७५।०७६ का लागि तयार गरेको खरिद योजना अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

यस गाँउपालिकाको पर्यटकीय क्षेत्रहरुको विकास गर्न साझेदार नीजि तथा सार्वजनिक निकायसँग सहकार्य गरी क्रमागत योजनाका रुपमा अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.११

कुनै पनि संघसंस्था, राजनितिक दल, भातृ संघ सगठनहरुबाट आर्थिक सहयोग प्रस्ताव भई आएमा प्रस्तावको औचित्य हेरी उपलब्ध गराइने निर्णय गरियो । तर चन्दाको रुपमा उपलब्ध नगराउने निर्णय गरियो ।

निर्णय नं.१२

कर्मचारी प्रशासन विनियमावली, बालमैत्री शासन व्यवस्थापन निर्देशिका तथा गाँउपालिकालाई आवश्यक पर्ने , नियम, निर्देशिका, कार्यबिधि र नियमावलीतयार गरी लागु गर्न  गाँउ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ .

यस गाँउपालिकामा बस्ने सबै किसिमका बैठमा उपस्थित पदाधिकारीहरु तथा कर्मचारीहरुलाई प्रति बैठक रु १५०० का दरले (कर सहित) भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४

पालिका स्तरीय विपत व्यवस्थापन समिति तथा कार्य योजना निर्माण गरी सरोकारवाला पक्षसँगको सहभागितामा छलफल गरी स्विकृत गर्न गाँउकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं.१५

घर नक्सापास वापत तोकिए वमोजिम राखिएका धरौटी रकम घर निर्माण सम्पन्न भएको प्रमाणपत्र लिएका वा घर सम्पन्न गर्न तोकिएका म्याद गुज्रीएका १ वर्षसम्म (सम्पन्नता प्रमाणपत्र लगी वा नलगी) फिर्ता लिन नआएमा नियमानुसार ३५ दिने सूचना निकाली सदरस्याहा गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

गाँपालिकाको फोहोरलाई ब्यवस्थापन गर्न ल्यान्डफिल्ड साईडको खोजि गरि फोहोर विसर्जन गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

सबै प्रकृतिका लागत साझेदारीमुलक उ. स. बाट संचालन हुने आयोजनाहरुको फरफारक गर्दा सार्बजनिक परिक्षण र सामाजिक परिक्षण तथा अनुगमन समितिको सिफारिस सहित बील भरपाई गाँउपालिकालाई बुझाउनुपर्ने र उपभोक्ता समितिबाट गरिने सबै कामको अनुदान रकमको २० प्रतिशत लागत साझेदारी गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं.१८

आयोजनाहरुको प्रारम्भ हुनुपूर्व, आयोजना संचालनका कममा र सम्पन्न भएपछि आवश्यकताका आधारमा अनुगमन तथा सुपरीवेक्षण गर्ने । यस्तो अनुगमन तथा सुपरीवेक्षण  बमोजिमको समितिले गर्ने गरी निर्णय गरियो ।

निर्णय नं.१९

नयाँ बन्ने सडकहरुमा दुबैतर्फ वृक्षारोपण कार्य गर्ने, एक घर दुई विरुवा हुर्काउने अवधारणलाई अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.२०

मासुपसलको छुट्टै अभिलेख व्यवस्थापन गर्ने, मासुपसल संचालन मापदण्ड अनुरुप संचालन गरी लागु गर्न गाँउकार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२१

पाँचपोखरी थाङपाल गाँउवासीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै राष्ट्रिय कार्यकमका अतिरिक्त देहायका कार्यकमहरु संचालन गर्ने निर्णय गरियो ।

- सफा क्षेत्र घोषणा गर्ने ।
- गरिब तथा सिमान्तकृत समुदायका लागि विशेषज्ञ चिकित्सक सहितका घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने ।
- महिलाहरुको आङखस्ने समस्यालाई सम्वोधन गर्न विशेषज्ञ चिकित्सक सहितका घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने ।
- पालिकाका सरसफाई तथा नालाहरुको सरसफाई गर्ने
- सरकारी निकाय, उपभोक्ताहित संरक्षण मञ्च तथा उ.वा. संघ समेतको समन्वयमा उपभोग्य बस्तुहरुको अनुगमन गर्ने ।

निर्णय नं.२२

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको प्रचलित स्केल,ग्रेड तथा स्थानीय भत्ता बमोजिमको तलवि विवरण पारीत गरी मिति २०७५ श्रावन १ गते लागु गर्ने निर्णय गरीयो।

निर्णय नं.२३

पाँचपोखरी थाङपाल गाँउपालिकाका वडा केन्द्रहरु तोकिएको स्थानमा जनशक्ति व्यवस्थापन गरी आर्थिक तथा आवश्यक सामाग्री लगायत भौतिक स्रोत साधन गा.पा ले उपलब्ध गराउने निर्णय गरियो। साथै वडा कार्यालयहरुबाट कम्प्युटर प्रणालिको माध्यमवाट सेवा प्रवाह गर्ने निर्णय गरियो ।

निर्णय नं.२४

आ.व २०७५।७६ को सावन १ गते देखि एकिकृत सम्पतिकर लागु गर्ने निर्णय गरियो।

निर्णय नं.२५

